जनपक्षीय विचारप्रधान साप्ताहिक
# देशप्रेम
DESHPREM National Weekly
www. deshpremweekly .com
देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित
वर्ष २७ अंक ३८ २०८२ माघ ११ गते आइतबार (Jan. 25, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## देश फेरी पनि दुर्घटनामा पर्नसक्ने पुष्पकमल दाहालको खुलाशा

# मुलुकको अस्थित्वप्रति चिन्ता बढ्दो



काठमाडौं । नेपालमा एकातिर आगामी फागुन २१ गते निर्वाचन हुने प्राय: पक्का भएको छभने अर्कातिर केही नेताहरुले देश फेरी राजनीतिक दुर्घटनामा पर्नसक्ने आशंका ब्यक्तगर्न थाल्नुभएको छ। यसैक्रममा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले देश अझैपनि संकटमा रहेको बताउँदै दुर्घटनामा पर्नसक्ने खुलाशा गर्नुभएको छ। यसअघि उहाँ सिंहदरबार जल्नसक्ने भबिश्यबाणि गरेर चर्चाका आउनुभएको थियो। गत भदौ २३ र २४ को घटनापछि उहाँले आफ्नो भबिश्यबाणि सही साबित भएको आफैले दाबि पनि गर्नुभएको थियो। त्यसैगरी ०८१ साउनमा उहाँले प्रधानमन्त्रिबाट हटेर बालुवाटार छाड्दैगर्दा नेपालमा बंगलादेशको घटना दोहोऱ्याउने र प्रधानमन्त्रि केपी ओलीलाई हेलिकोप्टर चढेर भाग्न बाध्यपार्ने पनि बताउनु भएको थियो। नभन्दै गत भदौ २४ गते तत्कालीन प्रधानमन्त्रि ओली सेनाको हेलिकोप्टर चढेर अज्ञातस्थलतर्फ जानुपरेको थियो। पछिल्लो पटक संयोजक दाहालले गत साता आयोजित एमालेको ओखलढुंगा जिल्ला समिति नेपाली कम्युनिष्ट पार्टीमा समायोजन हुने कार्यक्रममा बोल्दै देश फेरी दुर्घटनामा पर्नसक्ने बताउनु भएको हो। त्यसक्रममा उहाँले बलियो राष्ट्रिय शक्ति निर्माणगर्न सकिएन र जनतामा एकता पैदागर्न सकिएनभने फेरि पनि देशमा राजनीतिक दुर्घटना हुनसक्नेभन्दै दुर्घटना पुरै टरीसक्यो भन्ने अवस्था नरहेको बताउनु भएको थियो। उहाँले सोही कार्यक्रममार्फत एमालेभित्र रहेका तमाम देशभक्त र वामपन्थीहरु पनि नेपाली कम्युनिष्ट पार्टीमा समायोजित हुने ढोका ओखलढुंगाले खोलिदिएकोभन्दै एमालेलाई पनि राष्ट्रिय शक्ति निर्माणको महाअभियानमा सामेल हुन अपिल पनि गर्नुभएको थियो। त्यसैगरी एमालेका अध्यक्ष केपी ओलीलेसमेत पछिल्ला दिनमा नेपालको शासन नेपालीहरुले नै गर्न पाउनुपर्ने भन्दै नेपालमा विदेशी हस्तक्षेप बढेको बताउने गर्नुभएको छ। उहाँले नेपालमा डिपस्टेटका गतिबिधि बढेको टिप्पणी पनि गर्नुभएको छ। त्यसैगरी आगामी क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलले पनि गत भदौमा भएको जनेजी आन्दोलनपछि मुलुकको स्वाधीनतामाथि गम्भीर संकट पैदाभएको खुलाशा गर्नुभएको छ। ललितपुरको कुपण्डोलस्थित पार्टी कार्यालयमा गत शुक्रबार पार्टी सम्बद्ध अखिल नेपाल **बाँकी ८ पेजमा**

## डा. भट्टराईको उम्मेदवारी फिर्ता रहस्यपूर्ण

काठमाडौं। प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तथा पूर्व प्रधानमन्त्रि डा. बाबुराम भट्टराईले गोरखा-२ को प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवारी दिनु र फिर्ता लिनु दुबै रहस्यपूर्ण रहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। उहाँले बिभिन्न व्यक्ति र दलहरुको आग्रहपछि आफूले उम्मेदवारी फिर्ता लिने निर्णय लिएको बताउनु भएपनि त्यसको खास कारण उहाँको भनाईको ठीक बिपरित रहेको जानकारहरुले बताएका छन्। उहाँले नेपाली कम्युनिष्ट पार्टी र रास्वपा लगायतसँग सहयोग माग्नुभएकोमा नमानेपछि उम्मेदवारी फिर्ता लिनुभएको रहस्य खुलेको छ। गोरखा-२ मा नेकपाबाट अखिल क्रान्तिकारीका पूर्व अध्यक्ष लेखनाथ न्यौपाने र रास्वपाबाट महामन्त्री कविन्द्र बुर्लाकोटी उम्मेदवार बन्नुभएको छ। गोरखा-२ बाट उम्मेदवारी दिएका प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता डा. बाबुराम भट्टराईसँग नेकपाले चुनावी तालमेल नगर्ने स्पष्टगरेको थियो। ०६४ सालको संविधानसभा निर्वाचनमा सबैभन्दा धेरै मत ल्याएर आफ्ना प्रतिद्वन्दीलाई पराजित गर्नुभएका डा. भट्टराईलाई यसपटक आफ्नो पुरानो विरासत **बाँकी ८ पेजमा**

## कांग्रेसको देउवा समूह फेरी संगठित हुँदै

काठमाडौं। नेपाली कांग्रेसको देउवा समूह फेरी संगठित हुनलागेको थाहाभएको छ। गगन थापा समूहले अकस्मात पार्टी बिभाजन गर्नुकासाथै केन्द्रिय लगायतका पार्टी कार्यालय कब्जा गरेपछि देउवा समूह नयाँ ढंगले संगठित हुनलागेको हो। सो समूहले आजको राष्ट्रिय सभाको निर्वाचनलगत्तै राष्ट्रिय भेलाको आयोजनागर्ने तयारी गरेको छ। बीचैमा विशेष महाधिवेशन गरेर कांग्रेसको सभापतिमा गगन थापा निर्वाचित भएको घोषणा गरिएपछि संस्थापन पक्षले राष्ट्रिय भेला आयोजनागर्न लागेको हो। भेलामा पार्टीका पदाधिकारी, पूर्व पदाधिकारी, केन्द्रीय सदस्य, पूर्व राष्ट्रियसभा र प्रतिनिधिसभा सदस्य, महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिलाई आमन्त्रण गरिएको छ। भेलाबाट समय सापेक्षरुपमा आवश्यक निर्णय लिइने भनिएको छ। नेपाली कांग्रेसको नीति सिद्धान्त र आदर्शमा टेकेर अगाडि बढ्नका लागि र नेतृत्वलाई निरंकुश हुनबाट जोगाउन भेलागर्न लागिएको आयोजकहरुको भनाई छ। नेकांको १४ औं महाधिवेशनबाट **बाँकी ८ पेजमा**

## अदालत नियोजितरुपमा जलाइएको खुलाशा

काठमाडौं। सर्वोच्च अदालत नियोजितरुपमा जलाइएको खुलाशा भएको छ। अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले गत शुक्रबार बागलुङ बजारमा रहेको उच्च अदालत पोखरा बागलुङ इजलासको नवनिर्मित सुविधासम्पन्न भवनको उद्घाटनगर्दै उपरोक्त खुलाशा गर्नुभएको हो। त्यसक्रममा उहाँले न्यायालयमा कुनै पनि गलत प्रवृत्ति स्वीकार्य नभएको समेत बताउनु भएको थियो। उहाँले न्यायिक प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउन अवरोध सिर्जनागर्ने कुनैपनि गलत प्रवृत्ति स्वीकार्य नहुने दाबि गर्नुभएको थियो। उहाँले गत भदौ २३ र २४ गतेको आन्दोलनमा अदालत जलेको नभई नियोजित रुपमा जलाइएको दाबि गर्नुभएको थियो। उहाँले अदालत जलाउँदा सर्वोच्चमा रहेका २२ हजार मिसिल जलेकोमा हालसम्म १४ हजार मिसिल प्राप्त भइसकेको पनि बताउनु भएको थियो। उहाँले कानून व्यवसायीहरुबाट सहयोग लिएर जलेका मिसिल संकलनगर्ने काम गरिरहेका छौं। अहिलेसम्म १४ हजार मिसिल प्राप्त भइसकेका छन्। देशलाई कानूनविहीनता र न्यायप्रति अविश्वास जगाउनेगरी आगो लगाउने काम भएको थियो पनि भन्नुभयो। **बाँकी ८ पेजमा**

## राष्ट्रियसभाको निर्वाचनमा तानातान तीब्र

काठमाडौं। राष्ट्रियसभाको निर्वाचनमा तानातान तीब्र भएको देखिएको छ। राष्ट्रियसभा सदस्यका लागि आज ११ गते हुनलागेको निर्वाचनको सबै तयारी पूराभएको निर्वाचन आयोगले जनाएको छ। आयोगले गत शुक्रबार आयोगकै कार्यालयमा आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले राष्ट्रियसभाका सदस्यहरुको निर्वाचनअन्तर्गत मतदानका लागि सबै तयारी पूराभएको बताउनु भएको थियो। उम्मेदवारको मनोनयनपत्र दर्ता, दाबी बिरोध, छानबिन, अन्तिम नामावली प्रकाशन तथा चुनाव चिन्ह वितरणलगायतका कार्यसम्पन्न भएको उहाँले जानकारी दिनुभएको थियो। निर्वाचनका लागि मतपत्रसमेत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइ सकिएको बताइएको छ। राष्ट्रियसभा सदस्य निर्वाचनको मतदान आज माघ ११ गते आइतबार बिहान नौबजेदेखि दिउँसो तीनबजेसम्म सम्बन्धित प्रदेशमा तोकिएको मतदान केन्द्रमा हँदैछ। आज १८ **बाँकी ८ पेजमा**

## पाँचवटा कम्युनिष्ट पार्टीहरु संगठित

काठमाडौं। आगामी फागुन २१ को निर्वाचनको मुखैमा बिभिन्न पाँचवटा कम्युनिष्ट पार्टीहरु संगठित भएका छन्। खासगरी उनीहरु भेनेजुएलामाथि अमेरिकी साम्राज्यवादको आक्रमण र राष्ट्रपति निकोलस मादुरो मोरोसको अपहरणको विरुद्धमा संगठित भएको भनिएपनि त्यसले आगामी निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय जनमोर्चा तथा नेकपा(मसाल) लगायतलाई जोड्न प्रमुख भूमिका निर्वाहगर्ने बताइएको छ। गतसाता पाँच बाम पार्टीको संयुक्त बैठकपछि जारी प्रेस वक्तव्यमा उपरोक्त कुराको संकेत गरिएको छ। नेपाल कम्युनिष्ट पार्टी (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, नेपाली कम्युनिष्ट पार्टीका नेता लीलामणि पोखेल, नेपाल कम्युनिष्ट पार्टी (माले)का महासचिव सिपि मैनाली, नेपाल**बाँकी ८ पेजमा**

## नेकपामा महेश्वर दाहालको बिद्रोह

काठमाडौं। नेपाली कम्युनिष्ट पार्टीका मशेश्वर दाहालले बिद्रोह गर्नुभएको छ। महेश्वर दाहालले सिन्धुली-२ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएपछि सिन्धुलीमा ठूलो हलचल शुरुभएको छ। नेपाली कम्युनिष्ट पार्टीका नेता महेश्वर दाहालले आफ्नो कदम कुनै बार्गेनिङका निम्ति नभएको बताउनुभएको छ। एक प्रेस नोट जारीगर्दै उहाँले हाम्रो यो अहिलेको कदम कुनै बार्गेनिङका निम्ति, केही पद हत्याउनका निम्ति अथवा कुर्सीमा जानका लागि चालिएको कदम बिल्कुल होइन। यो त पद्धतिविहीन बनेको, पथभ्रष्ट भएको, राजनीतिक



चरित्रबाट तल गिरेको नेतृत्वको विरुद्धको बगावत हो भन्नुभएको छ। उहाँले हामी आफ्नो ठाउँबाट यो दावा गर्दैनौँकि सिंगो देशलाई हाम्रो कदमले नेतृत्व गर्नेछ तर सिंगो देशमा कम्युनिष्ट **बाँकी ८ पेजमा**

## बालेन साहका गतिबिधिहरु शंकास्पद

काठमाडौं। काठमाडौं महानगर पालिकाको प्रमुखबाट बीचैमा राजीनामा गरेर झापा क्षेत्रनम्बर पाँचबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुन पुग्नुभएका बिवादास्पद ब्यक्तित्व बालेन्द्र साहका कतिपय रहस्यमय गतिबिधिहरु बाहिर आउन थालेका छन्। रास्वपाले प्रधान मन्त्रीकारुपमा प्रस्ताव गरेर बालेन्द्रलाई काठमाडौं महानगरबाट हटाउन सफल भएको बताउन थालिएको छ। प्रधानमन्त्रि हुन सबैभन्दा पहिले निर्वाचन जित्नुपर्छभने त्यसपछि संसदीय दलको नेता भएको हुनुपर्छ। संसदीय दलको नेता हुन पार्टीको प्रमुख भएको हुनुपर्छ। तर रास्वपाको सभापति रवि लामिछाने आफै रहनु भएको छ र उहाँ सो पद छाड्न अनिच्छुक रहँदै आउनु भएको छ। त्यसैगरी बालेन्द्रले हाल प्रयोग गरिरहेको ल्यान्ड क्रुजर डिफेन्डर ( बागमती प्रदेश-०१-०३३च४३४३) गाडीका बारेमा पनि बिभिन्न आशंका र टिकाटिप्पणीहरु हुनथालेका छन्। सो प्रशंगले सामाजिक सञ्जालमात्र नभई चिया पसलदेखि राजनीतिक क्षेत्रमा स्थान **बाँकी ८ पेजमा**

## जाँचबुझ आयोगको म्याद थपियो

काठमाडौं। सरकारले गत भदौ २३ र २४ गतेको प्रदर्शनकाक्रममा भएको भौतिक तथा मानवीय क्षतिको यथार्थ छानबिनगरी प्रतिवेदन पेशगर्न गठन गरेको जाँचबुझ आयोगको म्याद २० दिन थपेको छ। जबकी अबको २० दिनमा निर्वाचन सम्पन्न नहुने भएकाले सो आयोगको म्याद फेरी थप्नुपर्ने हुनसक्छ। प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय, सिंहदरबारमा गतसाता बसेको मन्त्रिपरिषद्को बैठकले आयोगको अवधि थप्ने निर्णय गरेको हो। गत असोज पाँचगतेको मन्त्रिपरिषद्को बैठकले नै पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक ( एआइजी) विज्ञानराज शर्मा र कानूनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य रहेको **बाँकी ८ पेजमा**

## रवि लामिछानेको मुद्धामा फेरी ब्युँतन सक्ने

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको मुद्धामा फेरी ब्युँतनसक्ने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। सर्वोच्च अदालतले लामिछानेको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धामा संशोधन विरुद्धको मुद्धामा महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णयको सक्कलप्रति झिकाउन आदेश गरेपछि उपरोक्त चर्चा शुरुभएको हो। न्यायाधीश अब्दुर अजीज मुसल मानको एकल इजलासले लामिछाने माथि लागेको सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुरको मुद्धा महान्यायाधिवक्ता कार्यालयले संशोधन गरेको गत पुस ३० गतेको निर्णयको सक्कलप्रति झिकाउने आदेश गरेको हो। आदेशमा महान्यायाधिवक्ताले मिति गत पुस ३० मा गरेको निर्णयसहितको सक्कल

**समाचार विश्लेषण**

फाइल, जिल्ला सरकारी वकिल कार्यालयहरुबाट बिभिन्न अभियोगको सम्बन्धमा रवि लामिछानेसमेत उपर दायर भएको मुद्धाहरुमा अभियोगपत्र संशोधन हुने कारण देखिने कुनै थपप्रमाणहरु पेशभएको भए सो प्रमाणसमेतको सक्कलप्रति महान्यायाधिवक्ता कार्यालयमार्फत छलफल पेशीका दिन देखाइ फिर्ता लैजानेगरी झिकाइ सुनुवाइमा अग्राधिकारसहित प्राथमिकता दिई नियमानुसार पेशगर्नु भनिएको छ। आदेशमा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रश्न, सरकारी वकिलले सरकारी मुद्धा दायरगर्ने र फिर्ता लिनसक्ने प्रक्रिया तथा मुलुकी फौजदारी कार्यविधि संहिता-०७४ को दफा ३६ मा उल्लेखित अभियोगपत्र संशोधनसम्बन्धी कानूनी व्यवस्थाको दायरा एवं त्यसको सीमालगायत संवैधानिक एवं कानूनी प्रश्नहरुको निरुपणकोसाथै मुद्धाको प्रकृतिसमेत हेर्दा दुवै पक्षको जिकिर सुनी मागबमोजिम अन्तरिम आदेश जारीहुने वा नहुने निष्कर्षमा पुग्न मनासिव, न्यायोचित र आवश्यक देखिँदा छलफलका लागि बोलाएको छ। आदेशमा **बाँकी ८ पेजमा**

## १६ वटा बिद्यार्थी संगठनको बिरोध जारी

काठमाडौं। बिभिन्न १६ वटा बिद्यार्थी संगठनले महान्यायधिवक्ता सविता भण्डारी राजीनामाको मागगर्दै आन्दोलन जारी राखेको थाहा भएको छ। उनीहरुले गतसाता संयुक्त बिज्ञप्ति जारीगर्दै रवि लामिछाने सहितका व्यक्तिहर[redacted] शुद्धीकरण र संगठित [redacted] मुद्धाको निष्पक्ष छानबिन तथा अनुसन्धान हुनुपर्ने बताउदै उक्त मुद्धा फिर्ता लिन प्रयासगर्ने महान्यायधिवक्ता सविता भण्डारीको राजीनामा माग गरेका थिए। उनीहरुले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेमाथि चलिरहेका सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्धामा अभियोगपत्र संशोधनको नाममा मुद्धा फिर्तालिने सरकारको गैरकानूनी निर्णयको विरोधगर्दै बिभिन्न अदालतमा बिचाराधीन सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्धामा रास्वपा सभापति लामिछाने, छविलाल जोशी र जीबी राईसहितका व्यक्तिहरुलाई उन्मुक्ति दिने जुन निर्णय गरिएको छ, त्यो सर्वोच्च अदालतको नजिर विपरीत एवं राज्यसत्ता र कानूनको चरम दुरुपयोग भएकोसमेत जनाएका थिए। उनीहरुले देशको अन्तर्राष्ट्रिय छविलाई थप धुमिल पार्नेगरी सम्पत्ति शुद्धीकरणजस्तो गम्भीर वित्तीय अपराधका अभियुक्तलाई उन्मुक्ति दिन सरकार अग्रसर बनेकोभन्दै रविसहितका व्यक्तिहरुको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्धाको निष्पक्ष छानबिन तथा अनुसन्ध[redacted] गरेका छन्। उक्त बक्[redacted] (समाजवादी) का अध्य[redacted] बिद्यार्थी संघका अध्यक्ष [redacted] अनेरास्वबियुका अध्यक्ष दो[redacted]मी, अनेरास्वबियू (क्रान्तिकारी)का अध्यक्ष विजय प्रकाश शर्मा सापकोटा,अखिल (क्रान्तिकारी)का अध्यक्ष वीरेन्द्र शाह , समाजवादी बिद्यार्थी यूनियन, नेपालका अध्यक्ष मनिषकुमार यादव, अखिल ( क्रान्तिकारी)का संयोजक महेश श्रेष्ठ ,अखिल (छैठौं)का अध्यक्ष सुवाश जिसी ,अखिल नेपाल बिद्यार्थी फेडेरेशनका संयोजक नरेश न्यौपाने, वैज्ञानिक समाजवादी बिद्यार्थी संगठन नेपालका अध्यक्ष हिमांशु **बाँकी ८ पेजमा**

## परिसंघ...

यसअघि महासचिव हुनुहुन्थ्यो । त्यसैगरी नवनियुक्त अध्यक्ष श्रेष्ठको अध्यक्षतामा बसेको कार्यसमितिको १६औं बैठकले सिबिफिनको महासचिवमा एनएमबी बैंकका अध्यक्ष मनोजकुमार गोयल तथा कोषाध्यक्षमा लक्ष्मी सनराईज बैंकका अध्यक्ष रमण नेपाललाई सर्वसम्मत मनोनित गरेको छ । सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी पद रिक्त हुनआएमा कार्यसमितिमै बहाल रहेका सम्बन्धित समूहका सदस्यहरुमध्येबाट मनोनितगर्ने र सो सम्भव नभएमा सदस्य बैंक तथा वित्तीय संस्थाका अध्यक्षमध्येबाट मनोनितगर्ने व्यवस्थाबमोजिम अध्यक्ष, महासचिव र कोषाध्यक्ष पदमा मनोनित गरिएको थाहाभएको छ । रासस

## मुलुकको...

तामाङ राष्ट्रिय मुक्ति मोर्चाको तेश्रो राष्ट्रिय भेलालाई हिजो सम्बोधनगर्ने क्रममा उहाँले उपरोक्त कुरा बताउनु भएको थियो । महासचिव गजुरेलले स्वाधीनताको लडाइँमा अमेरिकी साम्राज्यवादका विरुद्ध बिश्वभरका जनता लडिरहेकोसमेत बताउनु भएको थियो । पछिल्लो समयमा विदेशीकै खेलमा परेर नेपाली कांग्रेस बिभाजित भएपछि सर्बत्र नेपालमा बढ्दै गएको भारतीय र अमेरिकी प्रभाव तथा खिचातानीको चर्चा हुनथालेको छ ।

## राष्ट्रियसभाको...

जना राष्ट्रियसभा सदस्यका लागि निर्वाचनगर्न हुने भएकोमा नेपाली कांग्रेसका सुनीलबहादुर थापा निर्विरोध निर्वाचित भइसक्नुभएको छ । बाँकी १७ जनाका लागि सातै प्रदेशमा मतदानगर्ने कार्यक्रम रहेको छ । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष मतदाता हुने कानूनी व्यवस्था छ । केही प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुख एवं अध्यक्ष, उपाध्यक्षले राजीनामादिई प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गरेकाले मतदाता नामावलीबाट तिनको नाम हटाइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभएको छ । राष्ट्रियसभाको निर्वाचनमा नेपाली कांग्रेस र एमालेका बीचमा गठबन्धन भएकोमा बीचैमा नेपाली कांग्रेस बिभाजित भएकाले मिश्रित परिणाम आउने अवस्था सिर्जना भएको बताइएको छ ।

## जाँचबुझ...

तीन सदस्यीय आयोग गठन गरेको थियो । शुरुमा सो आयोगलाई तीन महिनाको समय दिइए पनि प्रतिवेदन तयारीको काम पूरा नभएकोभन्दै गृह मन्त्रालयको प्रस्तावमा दोश्रो पटक पुनः म्यादथप गरिएको थियो । आयोगका लागि यसअघि थपिएको समय गतसाता सकिको थियो । आयोगले अधिकांशसँग बयान लिने र निरीक्षणगर्ने लगायतका काम सकेर प्रतिवेदन लेखन शुरुगरेको थाहाभएको छ । सो प्रतिवेदन भने आगामी फागुन २१ को निर्वाचनपछि मात्र सार्बजनिक हुनसक्ने जानकारहरुले बताएका छन् । जसमा धेरै महत्वपूर्ण र रहस्यमय गतिबिधिहरुका बारेमा चर्चा गरिने कतिपयको अपेक्षा रहेको छ ।

## पाँचवटा...

कम्युनिष्ट पार्टी (संयुक्त)का पोलिटब्युरो सदस्य दामोदर अर्याल र राष्ट्रिय जनमोर्चाका कार्यवाहक अध्यक्ष रश्मीराज नेपालीले संयुक्त वक्तव्य जारीगरि अमेरिकाको विरोध जनाउनुभएको हो । बोलिभारियन गणतन्त्र भेनेजुएलाको सरकार र साहसी जनतासँग दृढ अन्तर्राष्ट्रिय ऐक्यबद्धता प्रकटगर्दै असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरु, संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय प्रगतिशील, लोकतन्त्रवादी, समाजवादी, साम्राज्यवाद विरोधी शक्तिहरु, विश्वभरका श्रमिक, किसान, युवा र बौद्धिक समुदायलाई अमेरिकी हस्तक्षेप, सार्वभौम राष्ट्र भेनेजुएलाका राष्ट्रप्रमुखको अपहरण र युद्धको धम्कीविरुद्ध संघर्ष, ऐक्यवद्धता र सामूहिक तथा कूटनीतिक पहलगर्न वक्तव्य मार्फत आह्वान गरिएको छ । बक्तब्यमा सो आक्रमण केवल भेनेजुएलामाथिको आक्रमण नभई सम्पूर्ण असंलग्न आन्दोलन, बहुध्रुवीय विश्वव्यवस्था, सार्वभौम राष्ट्र र स्वतन्त्र विदेश नीतिमाथिको आक्रमण हो । बोलिभारियन आन्दोलन श्रमिक, किसान, आदिवासी, महिला, युवा र उत्पीडित वर्गहरुको संघर्षबाट जन्मिएको जनमुखी र समाजवादोन्मुख कार्यक्रम हो। भेनेजुएलामाथिको आक्रमण लागुऔषध व्यापार, हातहतियार, आतंकवाद वा अन्य कारण नभई खनिज पदार्थलगायतका प्राकृतिक श्रोतहरुमाथि कब्जागर्ने षडयन्त्र भएको कुरा जगजाहेर छ भनिएको छ । यता निर्वाचनमा सहभागी नभएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका बाम पार्टीहरुको साम्राज्यवाद बिरोधी मोर्चा अर्के रहेको छ ।

## बालेन..

ओगटेको छ । उक्त गाडी भोला गुट्खा, जित सूर्ती र करेन्ट चाउचाउका मालिक कमलकिशोर मालपानीको रहेको र ब्यापारीहरुलेनै बालेन्द्र साहलाई झापा-५ मा पठाएको रहस्य खुलेको छ । त्रिमूर्ति इन्डष्ट्रिजका मालिकसमेत रहनुभएका मालपानीले काइरोस इन्टरनेशनल कम्पनीमार्फत नेपाल भित्र्याएको करीब छकरोड मूल्यपर्ने उक्त ल्यान्डक्रुजर गाडि आफूहरुले बालेन्द्रलाई चुनावी क्याम्पेनका लागि दिएकोसमेत स्वीकार गर्नुभएको छ । विगतमा राजनीतिक दल र तिनका नेताहरुले भ्रष्टाचारलाई प्रश्रय दिएकोहुँदा आफू स्वतन्त्र रहने बताउँदै आउनु भएका बालेन पार्टीमा प्रवेश गरेको बिषयमा पनि नकारात्मक टिकाटिप्पणीहरु हुनथालेका छन् । के भनिन्छभने बालेन्द्र साहले कामपाको प्रमुखबाट राजीनामा दिएपनि बरबुझारथसमेत गर्नुभएको छैन । जेनजी प्रदर्शनले उठाएको सुशासनको नारालाई बालैन्द्रलेनै खिल्ली उडाएको चर्चा पनि हुनथालेको छ । बालेन्द्रले झापामा गरिएको खर्च र तडक भडकका बारेमा पनि बिभिन्न प्रश्नहरु उठ्न थालेका छन् ।

## डा. भट्टराई..

जोगाउने चुनौती देखिएको थियो । आफ्नो जितको सम्भावना बलियो बनाउने उद्देश्यले भट्टराईले चुनावी सहकार्यका लागि नेकपासँग गरेको प्रयास तुहिएको थियो । सोही प्रयासकाक्रममा डा.भट्टराईले नेकपाका संयोजक पुष्पकमल दाहाल लाईसमेत भेट्नुभएको थियो । डा.भट्टराईले ०७९ मंसिर चारको निर्वाचनमा दाहाललाई आफ्नो क्षेत्र छोडेको बताउँदै आउनु भएको थियो । डा.भट्टराईले गोरखा-२ का नेकपाका उम्मेदवार लेखनाथ न्यौपानेलाई पनि तालमेलको लागि प्रस्ताव गर्नुभएको थियो । तर न्यौपानेले पनि आफू धेरै अगाडि बढिसकेकाले उम्मेदवारी फिर्ता लिन नसक्ने बताउनुभएको थियो । सो क्षेत्रमा एमालेबाट चक्रे मिलनसमेत उम्मेदवार भएको अवस्था छ ।

## कांग्रेसको...

महामन्त्रीमा निर्वाचित गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा गत पुस २७ देखि ३० गतेसम्म भएको विशेष महाधिवेशनलाई संस्थापन समूहले अस्वीकारगर्दै आएको छ । संस्थापन पक्ष विशेष महाधिवेशनका विरुद्ध निर्वाचन आयोग र सर्वोच्च अदालतमा पुगेको थियो । आयोगले थापा र शर्मा नेतृत्वको विशेष महाधिवेशनलाई आधिकारिकता दिएपछि उक्त समूह सर्वोच्च अदालतसम्म पुगेको थियो । सर्वोच्च अदालतका न्यायाधीश सुनिल पोखरेलको इजलासले गत साता छगते निर्वाचन आयोगलाई कारणसहित १५ दिनभित्र लिखित जवाफ लिएर उपस्थित हुन निर्देशन दिएको छ । जसअनुसार आगामी साता पुन बहस हुनेभएको छ । नेकांको देउवा समूहसँग नेकां(बिपि) को पार्टी एकताका लागि छलफल चलिरहेको छभने प्रतिनिधिसभामा ४० प्रतिशत सिटमा देउवा समूह बिजयी हुने अपेक्षा गरिएको छ । दुबै समूह एउटै टिकटमा निर्वाचनमा सहभागी भएपनि दुबैलाई अन्तरघात हुने आशंका रहेको बताइएको छ ।

## अदालत...

उक्त आन्दोलनकाक्रममा सर्वोच्च अदालतसहित २३ वटा अदालतमा क्षति पुगेकोसमेत उहाँले जानकारी दिनुभएको थियो । अदालतमा आगलागी भएपछि अब गम्भीर समीक्षाको आवश्यकता देखिएको उहाँको भनाई थियो । न्याय क्षेत्रनै ध्वस्त पार्ने उद्देश्यले आगजनी गरिए पनि सर्वोच्च अदालत नागरिकको न्याय पाउने अधिकारको रक्षागर्न जुर्मुराएर उठेको उहाँले दाबि गर्नुभएको थियो । अदालतले गर्ने फैसलाले व्यक्ति, परिवार, समाज र देशलाईसमेत मार्गनिर्देशन गर्ने भएकाले यसमा निष्पक्षता हुनुपर्ने उहाँको भनाई थियो । पछिल्लो समयमा सर्वोच्च अदालत प्रविधिको क्षेत्रमासमेत अगाडि बढेको बताउँदै उहाँले उच्च अदालत पोखरा बागलुङ इजलासको नयाँ भवनले यहाँको न्याय सम्पादन प्रक्रिया थप सहज बनाउनका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो । ०७२ सालको भूकम्पले क्षतिग्रस्त भएपछि उच्च अदालत पोखरा बागलुङ इजलासका लागि नयाँ र आधुनिक भवन निर्माण गरिएको छ । ०७९ को मंसिरमा ठेक्का सम्झौता भएको तीन वर्षमा भवन निर्माण पूराभएको हो ।

## १६ वटा...

बिद्यार्थी जनमत संघका संयोजक पोषण यादव, जनपक्षीय बिद्यार्थी यूनियन नेपालका अध्यक्ष सुनिता बुढाथोकी, अखिल नेपाल बिद्यार्थी यूनियनका अध्यक्ष मनिष भट्टराई ,राष्ट्रिय बिद्यार्थी मञ्चका अध्यक्ष पंकज देव,अखिल (पाचौं)का संयोजक नभराज पाण्डे र बिद्यार्थी स्वयंसेवक नेपालका संयोजक मुक्ति गैरेले हस्ताक्षर गर्नुभएको छ । बक्तब्यमा मुख्यतया ०४६ यताका सबै उच्चपदस्थ कर्मचारीहरु र सार्वजनिक पदमा नेतृत्व गरेका सबै राजनीतिक दलका व्यक्तिहरुको सम्पत्ति छानबिन र भ्रष्टाचारीहरुलाई कार्वाहीका लागि उच्चस्तरीय छानबिन आयोग गठनगर्न माग गरिएको छ । बक्तब्यमा अपराधको प्रोत्साहन र अपराधीको उन्मुक्ति कुनैपनि लोकतन्त्रको मूल्य र परिकल्पना हुनसक्दैन । बिभिन्न समय र कालखण्डमा भएका राजनीतिक आन्दोलनका मुद्दाहरुलाई राज्यले नजर अन्दाज गरेर अपराधीक घटनाका मुद्दाहरुमा उन्मुक्ती दिनेकुरा संयुक्त बिद्यार्थी संगठनहरुलाई अमान्य रहेको छ । यस्ता हर्कतहरु नगर्न सरकारलाई चेतावनी दिन्छौं भनिएको छ ।

## रबि..

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनुनपर्ने हो ? आदेश जारी हुननपर्ने कुनै आधार, कारण भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरुका हकमा महा न्यायाधिवक्ताको कार्यालयमार्फत पठाउनु भनिएको छ । विपक्षीमध्येका रवि लामिछानेका हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेशगर्नु भनी आदेश र निवेदनको प्रतिलिपि समेतसाथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारीगरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेशगर्नु भनिएको छ । अध्यक्ष लामिछानेविरुद्ध सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धा दायर भएको थियो । उता पर्सा जिल्ला अदालतले सहकानरी ठगी एक करोड धरौटी माग गरेको छ । त्यसैगरी बिभिन्न पाँचवटा जिल्लाका ठगीमा परेका सहकारीका पीडितहरुले लामिछाने लगायत बिरुद्ध अभियार थाल्ने घोषणा गरेका छन् ।

## नेकपामा...

आन्दोलनको मूल्यविहीनता, मुद्दा विहीनता र जुन प्रकारको पतनको दिशातिर आज कम्युनिष्ट आन्दोलन गएको छ त्यसलाई विराम दिने एउटा प्रयत्न सिन्धुलीले द्दशुरुगरेको हो । यसका परिणामहरुबारे हामी अनविज्ञ छैनौं। हामीलाई कार्वाही गरिने छ । गद्धार भनिने छ । पार्टीबाट मिल्काइने छ । तर, हामी यो मुद्धा कम्युनिष्ट आदर्श, कम्युनिष्ट राजनीतिबाट विचलित हुने छैनौं भन्नुभएको छ । उहाँले बक्तब्यमा भन्नुभएको छ-हामीले कम्युनिष्ट आन्दोलनलाई एउटा सिद्धान्तनिष्ठ मजदुर, किसान, उत्पीडित जनसमुदायप्रति प्रतिबद्ध मूलबाटोमा डोऱ्याउन खोजेका हौं भन्ने कुरा इतिहासमा प्रमाणित हुने छ । जिल्ला कमिटीले उम्मेदवारमा सिफारिस गरेपनि नेतृत्वले अन्यलाई उम्मेदवार बनाएपछि दाहालले स्वतन्त्र उम्मेदवारी दिनुभएको हो । फरक, फरक प्राकृतिक दृश्य बोकेको चुरेका खोँचहरुदेखि महाभारतका अग्ला डाँडाहरु, गढी पर्वत श्रृंखला र नेपालकै ठूला नदीमध्ये एक सुनकोशी आफूमा समाहित भएको सिन्धुली देख्नमा जति सुन्दर छ, यसको वैभव र सम्पदा पनि त्यत्तिकै गौरवगर्न लायक छ । मरिण, कमला र चदाहाको किनारमाबस्ने किसानहरुदेखि लिएर महाभारतका कुनाकाप्चा तथा गडतिरमा बस्ने पौरखी सबै जनताको बीचमा त्यो गौरवको इतिहास छ । प्रजातान्त्रिक आन्दोलनको प्रारम्भमा नै बर्माबाट मार्क्सवादमा दीक्षित भएर आएका योद्धा एसबी राईले वासुदेव श्रेष्ठ लगायतका पुराना पिढीसँग मिलेर कम्युनिष्ट आन्दोलन शुरुगरेको ठाउँ हो यो । जुन बेला कम्युनिष्ट आन्दोलन दक्षिणपन्थी दिशामा खुम्चिरहेको थियो त्यो बेलामा यहाँ दावानल शुरुगर्न ३० को दशकमा ऋषि देवकोटा आजाद, दुर्गा सुवेदी, दलबहादुर रजन मगर, सीपी गजुरेल, हरिबोल गजुरेल, ईश्वरी दाहाल, रामप्रसाद राई लगायत थुप्रै अग्रजहरुले कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने प्रयास गर्नुभयो । त्यसपछि ४० को दशकमा राम कार्की लगायतले पनि यो माटोमा वामपन्थी आन्दोलनलाई मलजलगर्ने महत्वपूर्ण भूमिका खेल्नुभएको छ । त्यतिबेलाका नवयुवाहरु महेन्द्र श्रेष्ठ, शेरमान कुँवर, मोहनचन्द्र गौतम, कमल देवकोटा र उहाँहरुलाई अभिभावकत्व दिने चित्रनारायण श्रेष्ठ, खड्ग देवकोटा, दीर्घराज श्रेष्ठ जस्ता थुप्रै नेताहरुले सिन्धुलीलाई जनयुद्धको ब्याडकोरुपमा विकसित गर्नुभयो । त्यही परम्परालाई पछ्याएर हामी अगाडि बढेका छौं । हाम्रो यो अहिलेको कदम कुनै बार्गेनिङका निम्ति, केही पद हत्याउनका निम्ति अथवा कुर्सीमा जानका लागि चालिएको कदम बिल्कुल होइन । यो त पद्धतिविहीन बनेको, पथभ्रष्ट भएको, राजनीतिक चरित्रबाट तल गिरेको नेतृत्वको विरुद्धको बगावत हो । हामी आफ्नो ठाउँबाट यो दावा गर्दैनौंकि सिंगो देशलाई हाम्रो कदमले नेतृत्वगर्ने छ तर सिंगो देशमा कम्युनिष्ट आन्दोलनको मूल्यविहीनता, मुद्धा विहीनता र जुन प्रकारको पतनको दिशातिर आज कम्युनिष्ट आन्दोलन गएको छ त्यसलाई विराम दिने एउटा प्रयत्न सिन्धुलीले शुरुगरेको हो । यसका परिणामहरुबारे हामी अनविज्ञ छैनौं । उहाँले बक्तब्यको अन्त्यमा हामीलाई कार्वाही गरिनेछ । गद्धार भनिने छ । पार्टीबाट मिल्काइने छ । तर, हामी यो मुद्धा कम्युनिष्ट आदर्श, कम्युनिष्ट राजनीतिबाट विचलित हुने छैनौं । र, जनसमुदायका अगाडि हामी यो प्रमाणित गरिछाड्नेछौं, वास्तवमा हामीलेनै कम्युनिष्ट आन्दोलनलाई एउटा सिद्धान्तनिष्ठ मजदुर, किसान, उत्पीडित जनसमुदायप्रति प्रतिबद्ध मूलबाटोमा डोऱ्याउन खोजेका हौंभन्ने कुरा इतिहासमा प्रमाणित हुनेछ भन्नुभएको छ ।

## प्रतिनिधिसभाको...

मनोनयन पत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका-०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्ने ब्यवस्था थियो । त्यसैगरी प्रचलित कानूनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयन पत्र दर्तागर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली-०७४ को नियम आठ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एकजना प्रस्तावक र एकजना समर्थकभई विवरणभरी सहीछाप गरेको मनोनयनपत्र पनि पेश गर्नुपर्ने ब्यवस्था थियो । दलकातर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिकपत्र प्रदानगर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका-०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्ने ब्यवस्था थियो । एकल चुनाव चिन्हलिई संयुक्तरुपमा निर्वाचनमा सहभागी दलहरुको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका-०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिकपत्र पनि समावेश गर्नुपर्ने ब्यवस्था थियो । निर्वाचन अधिकृतको कार्यालयमा १० हजार धरौटी जम्मागरेको रसिद वा भौचर पनि पेश गर्नुपर्ने ब्यवस्था थियो । तर महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरुपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट गरिएको थियो । विपन्नका हकमा स्थानीय तहले आर्थिकरुपमा विपन्नभनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्ने भनिएको थियो । उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका-०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची नौ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसकोसमेत सम्पूर्ण विवरण उल्लेखगरी सिलबन्दीरुपमा पेशगरेको सम्पत्ति विवरण पनि पेश गर्नुपर्ने भनिएको थियो । निर्वाचन निर्देशिका-०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनैपनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको व्यहोराको निस्सा संलग्न गर्नुपर्ने ब्यवस्था थियो । लेखापरीक्षणबाट कुनैपनि उम्मेदवारका नाममा किटानीसाथ असुलउपर गर्नुपर्नेभनी कायम भएको बेरुजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता-०८२ को अनुसूची तीन बमोजिमको प्रतिबद्धतापत्र पनि समावेश गर्नुपर्ने आयोगले ब्यवस्था गरेको थियो । **(उपरोक्त तस्वीर र तथ्यांक राससबाट लिइएको हो ।)**

# हिमपातका बिभिन्न राजमार्ग अवरुद्ध

काठमाडौं । रुकुम पूर्वमा हिमपातका कारण मध्यपहाडी मार्ग अवरुद्ध भएको छ । हिमपातका कारण लोकमार्गको लुकुम-पातिहाल्ना खण्ड अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । सो मार्ग अवरुद्धहुँदा सवारीसाधन वारपारगर्न कठीनाई परेको छ । सो खण्डमा काठमाडौंबाट छुटेका बसहरु फसेको भन्ने खबर आएसँगै इलाका प्रहरी कार्यालय कार्कीबाट हिजो प्रहरी निरीक्षक हिमराज विकको नेतृत्वमा टोली खटाएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायब उपरीक्षक उमाशंकरप्रसाद यादवले जानकारी दिनुभएको थियो ।


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिनेदिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचार बिरुद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# नेपालका देशभक्त र बामपन्थीहरुको ध्यानाकर्षण हुनुपर्ने पछिल्लो अवस्था

**नेपालमा एकातिर बिचित्रका राजनीतिक घटनाहरु भैरहेका छन्भने अर्कातिर आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराएर लिक बाहिर पुगेको राजनीतिलाई सही स्थानमा ल्याउने प्रयासहरु पनि भैरहेका छन् । यस्तो अवस्थामा विदेशी हस्तक्षेप बढेकोभन्ने आवाज पनि उठेको छ । पछिल्ला दिनमा एमालेमात्र नभएर नेपाली कम्युनिष्ट पार्टी र क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका बाम पार्टीहरुले देशभक्त र बामपन्थी शक्तिहरु चनाखो हुनुपर्ने अवस्था रहेको सुझाउन थालेका छन् । खासगरी गत भदौ २३ र २४ गते भएको बिध्वंश र सोही आधारमा सरकार परिवर्तन भएपछि सिपि गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल र नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा(माओवादी)ले देशभक्त र बामपन्थीहरुका बीचको एकताको नारालाई अगाडि सारेको देखिएको छ । देशभक्त सरकार भन्नाले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरि राख्ने सरकारलाई बुझिन्छ । तर नेपालमा त्यस्तो शोच बिभिन्न कालखण्डमा फरक, फरकरुपमा देखिने गरेको छ । खासमा यदि देशभक्तिलाई नै प्रमुखता दिने होभने राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरतामा जोडदिइएको हुनुपर्छ । तर नेपालमा आत्मनिर्भरतामा जोडदिने काम कुनैपनि दल र सरकारले गरेका छैनन् । नेपालमा बढ्दैगएको विदेशी हस्तक्षेपको निरन्तर तीब्र विरोध भएको हुनुपर्दछ । राष्ट्रिय पहिचान, संस्कृति र एकताको संरक्षणमा जोडदिइएको हुनुपर्दछ । देशको प्राकृतिक श्रोत र साधनमाथि राष्ट्रिय नियन्त्रणको वकालत गरिएको हुनुपर्दछ । नेपालको सन्दर्भमा भन्ने होभने राजतन्त्रकालमा (विशेषगरी महेन्द्र र वीरेन्द्रकाल) राष्ट्रवाद राज्यको प्रमुख नाराकारुपमा प्रयोग हुनेगरेको थियो । तर त्यतिबेला पनि सो अनुसारका कामहरु भैरहेका थिएनन् । ०४६ सालको परिवर्तनपछि पनि बिभिन्न दल र नेताहरुले राष्ट्रवादी एजेन्डा उठाएको देखिएको थियो । जसमा सीमा समस्या, राष्ट्रिय हितसँग जोडिएका अन्तर्राष्ट्रिय सम्झौताहरु, स्वाधीन परराष्ट्र नीति लगायतका कुराहरु रहनेगरेका थिए ।**

**राष्ट्रवाद कहिलेकाहीँ सकारात्मकरुपमा राष्ट्रिय एकता बलियो बनाउने साधन बनेको देखिछभने कहिलेकाहीँ राजनीतिक शक्ति सुदृढगर्न प्रयोग भएको देखिएको छ । त्यसैगरी नेपालमा बामपन्थी सरकार पनि एक प्रकारले बहसको बिषय रहँदैआएको छ । तर त्यसलाई सार्थक बनाउन बामपन्थी दलहरुले कुनै प्रयास गरेको देखिएको छैन । सामान्य अर्थमा बामपन्थी सरकारभनेको समाजवाद, साम्यवाद वा प्रगतिशील विचारधाराबाट प्रभावित दलहरुको नेतृत्वमा बनेको सरकार भन्ने हो । तर नेपालका कम्युनिष्टहरुमा समेत सत्तालिप्सा बढी र बिचार सुन्य हुँदैगएको देखिएको छ । नेपालमा बामपन्थी आन्दोलनको इतिहास निकै लामो छभने उनीहरुले शुरुदेखिनै सामाजिक न्याय र समानतामा जोडदिँदै पनि आएका छन् । त्यसैगरी उनीहरुले श्रमिक, किसान, उत्पीडित वर्गको हक र अधिकारको वकालत पनि गर्नेगरेका छन् । राज्यको भूमिका बलियो बनाउने कुरामा जोड पनि दिनेगरेका छन् । उनीहरुको जोड समाजवादोन्मुख अर्थतन्त्रमा रहने गरेको छ । तर बिभिन्न समयमा सरकारमा पुगेका बामपन्थीहरुले त्यसअनुसार काम गरेको देखिएको छैन । जस्तो ०६२/६३ को जनआन्दोलनपछि बामपन्थी दलहरु सरकारमा निर्णायक भूमिकामा पुगेका थिए । तर उनीहरुले नेपाली कांग्रेसको नीतिलाई अंगिकार गरे । ०४६ को राजनीतिक परिवर्तनपछि नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरु पञ्चायतनै नक्कलगर्नमा ब्यस्त देखिन्थेभने संसदवादी कम्युनिष्टहरु पनि उनीहरुकै पछिलाग्ने गरेका थिए । हाल आएर सबैमा देश र जनताको खास अवस्थाका बारेमा चेत खुल्न लागेको देखिएको छ । यतिबेला देश निर्वाचनका क्रममा रहेका कारण कोही कसैले आकर्षक नारा दिँदैमा हुनेवाला केही पनि छैन । निर्वाचन सकिएपछि देशभक्त र बामपन्थीहरुले एकता गरेर नयाँ नीति तथा कार्यक्रम ल्याउने प्रयासगर्नु आजको प्रमुख आवश्यकता भएको छ ।**

# नेपालको संसदीय राजनीतिका बिकृति र नेपालमा बढ्दैगएको दुर्गति

**देश/परिवेश** — **डा. केशव देवकोटा**

नेपालमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाका लागि उम्मेदवारी दाखिला भएको छभने अब कुनै आकस्मिक राजनीतिक दुर्घटना नभएमा निर्वाचन हुने प्रायः सुनिश्चित भएको छ । एकपटक निर्वाचित भएका सांसदहरुले आफ्नो कार्यकाल पूरागर्न नपाउने र बीचमा सरकार गिर्ने तथा संसदसमेत बिना कारण बिघटन गरिने समस्यालेगर्दा निर्वाचन हुनु र नहुनु खासगरी सर्बसाधारण नेपाली जनताका लागि कुनै महत्वको बिषय हुन छाडेको छ । यस पटक जुन ढंगले सरकार र संसद ढल्यो, त्यो धेरैका लागि आश्चर्यको बिषय भएको छ । त्यो भन्दा पनि अब फेरी नयाँ बन्ने संसद र त्यसले बनाउने सरकार पनि बीचैमा बिघटन नहोला भन्न सकिने अवस्था छैन । देशमा संसदको निर्वाचन गराएर नयाँ सरकार गठन गराउनु र राजनीतिक स्थायित्व कायम गराउने प्रयासगर्नु राम्रो कुरा हो । तर हरेक सरकार बढिमा एक बर्षभन्दा नटिक्ने समस्यालेगर्दा सबैलाई चिन्तित बनाएको छ । ०४६ को राजनीतिक परिवर्तनपछि संसद बिघटनकाक्रम पटक, पटक दोहरिने गरेका छन् । तर त्यस्तो अवस्था बारम्बार किन आउँछ ? भन्ने कुरामा कुनैपनि पार्टीका नेताहरुको ध्यान जान सकेको छैन । संसदबाट नयाँ सरकार गठन हुने संभावना रहेसम्म संसद बिघटनगर्न नपाइने सर्बोच्च अदालतको फैसला र नजिरका बाबजुद पनि संसद बिघटन गर्ने/गराउनेक्रम जारी छ ।

जसले नेपाल कानूनी राज्यको मान्यताअनुसार स्थापित हुन नसकेको स्पष्ट भएको छ । ०७९ मंसिर चारको निर्वाचन भएपछि संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनेको हुनुपर्ने थियो । नेकांको अल्पमतको एकल सरकार बन्न नसकेको खण्डमा दोश्रो ठूलो दल एमाले सहितको सरकार बन्ने संभावना पनि थियो । कतिपय कोणबाट त्यसबारे चर्चा पनि चलेका थिए । तर ०७९ पुस १० गते संसदको तेश्रो दल तत्कालीन माओवादी केन्द्रका अध्यक्षको नेतृत्वमा साना दलजति सरकारमा र ठूला दलजति प्रतिपक्षमा रहनेगरी सरकार बन्दा बिभिन्न बिकृति र बिसंगतिहरुको सिर्जना हुन पुग्यो । तत्कालीन माओवादी केन्द्रका नेताहरुले पटक, पटक नेपाली कांग्रेस र एमालेलाई खेलाउन थालेपछि अन्तत नेपाली कांग्रेस र एमालेनै मिल्न पुगेका थिए । उनीहरुमा बिद्यमान राजनीतिक ब्यवस्थामै त्रुटी भएका कारण त्यसरी सरकार अस्थिर भएको अनुभव भएको हुनुपर्छ । त्यसैले नेकां र एमालेले ०८१ असार १७ गते सातबुँदे सहमतिगर्दै ०७२ को संविधानमा तेश्रो संशोधनगर्ने र सहमतिको सरकार गठनगर्ने नारा पनि दिएका थिए केही साना दलहरुलाई समेत सरकारमा सहभागी गराइययो । तर तत्कालीन माओवादी केन्द्र र रास्वपाजस्ता पार्टीहरुका कारण नेकां र एमाले सहितको बहुमतको सरकार भएपनि केही पनि गर्नसकेको थिएन । उनीहरुले एक बर्षको अवधीमासमेत संविधान संशोधन गर्न/गराउन सकेनन् । खासगरी संविधान संशोधन गराउन पनि तत्कालीन माओवादी केन्द्र लगायतका साना दलहरु बादक देखिएका थिए । संसदमा रहेका दलहरुकाबीचमा तानातान भैरहेकै अवस्थामा भदौ २३ र २४ गतेको घटना भयो । जसलाई आधार बनाएर भदौ २७ गतेको घोषणाबाट देशको राष्ट्रिय राजनीतिलाई नै नयाँ मोढतर्फ धकेलियो । जसले आजको अवस्था सिर्जना गरेको छ ।

नेपाली जनताले दुईबर्ष अघि नै फेरी आम निर्वाचनमा भाग लिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । जसले नेपालमा लागूगराईएको ०७२ को संविधान र त्यसअनुसारको बिद्यमान राजनीतिक ब्यवस्था बिकृत एबं नेपाल र नेपाली बिरोधी रहेको स्पष्ट गरेको छ । तर त्यसबाट जनताको ध्यान अन्यत्र मोढ्नका लागि राष्ट्रिय र अन्तराष्ट्रिय दुबैतिरबाट नेपालको पछिल्लो राजनीतिकाबारेमा बिभिन्न भ्रमहरुको सिर्जना गर्ने/गराउने प्रयासहरु भैरहेका छन् । जसलेगर्दा समस्या सुझिनुको साटो दिन प्रतिदिन बल्झिदै गएको देखिएको छ । छिमेकी चीन र भारतमात्र होइन नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दै आएको अमेरिकालेसमेत आफ्नो देश पहिलोभन्ने नीति लिएर अगाडि बढेका छन् । तर नेपालमा शासकहरु नेपाललाई पहिलो बनाउने तिरभन्दा पनि बिदेशी शक्तिलाई पहिलो बनाउने अभ्यासमा लागेका कारण एकातिर बिभिन्न दल र तिन्का नेताहरुकाबीचमा चर्को तानातानको अवस्था रहेको छभने अर्कातिर देशको आर्थिक र राजनीतिक अवस्था दिनप्रतिदिन कमजोर बन्दैगएको देखिएको छ । त्यसैले नेपालको हालको मुख्य समस्यानै संविधान र त्यसअनुसार लागूगराईको राजनीतिक ब्यवस्थामा रहेका कारण देशका सबै राजनीतिक पार्टी र शक्तिहरुले आआफ्नो तहमा छलफल गर्नु/गराउनु आजको प्रमुख आवश्यकतानै भएको छ । कुनैपनि देशमा सरकार अस्थिर हुनु राजनीतिक ब्यवस्था, सरकार र संसदका गतिबिधिमा निर्भर हुन्छ । जनतामा राजनीतिक ब्यवस्थाप्रतिको बिश्वास गुमेमा सरकार बारम्बार परिवर्तन हुने सम्भावना रहन्छ । जसले नीति निरन्तरता र विकास प्रक्रियामा समेत गंभिर बाधा पुर्‍याउँछ । हाल नेपालमा भएको पनि त्यही नै हो । जस्तो गत भदौ २३ र २४ गतेको बिध्वंशका कारण नेपाली कांग्रेस र एमालेसहितका दलहरुको बहुमतको सरकारसमेत ढल्यो । खासमा सिंहदरबार र सर्बोच्च अदालतमा दिन दहाडै आगो लगाउने त्यस्ता गतिबिधिलाई आतंककारी घोषणा गरेर कारवाही अगाडि बढाइएको हुनुपर्ने थियो । तर त्यस्तो कुनै प्रयास नै गरिएन । बरु आन्दोलनमा सहभागी हरुलाई प्रोत्साहनगर्ने कामहरु भए । त्यसैगरी संसदबाट नयाँ सरकार गठन गर्ने/गराउने संभावना रहँदारहँदै संसदसमेत बिघटन गरियो ।

संसद बिघटनगर्दा अपनाउनुपर्ने सामान्य संवैधानिक प्रक्रियासमेत अपनाइएन । त्यसैगरी पछिल्लो समयमा नेपालको राष्ट्रिय राजनीतिमा दलगत स्वार्थ हाबी देखिएको छ । राष्ट्रिय हितभन्दा पनि राजनीतिक दल वा नेताको व्यक्तिगत स्वार्थ प्राथमिकतामा पर्नेगरेको छ । यसले नीति निर्माण निष्पक्ष र प्रभावकारी हुननदिने अवस्था सिर्जना गर्छ । सोही कारणले शक्तिको दुरुपयोग हुने गरेको देखिएको छ । बहुमत प्राप्त दलले संसदमा आफ्नो शक्तिको दुरुपयोगगर्न सक्छ । प्रतिपक्षको आवाज दबिनु, कानून हतारमा पारित गरिनुजस्ता समस्या देखिन्छन् । निर्णय प्रक्रिया ढिलो हुनु संसदमा लामो बहस, अवरोध र सहमतिमा पुग्न ढिलाइहुँदा आवश्यक निर्णय समयमै हुन सक्दैनन् । कमजोर नेतृत्वको सम्भावना रहन्छ । प्रधानमन्त्री संसदबाट चयन हुने भएकाले सधैं सक्षम र दूरदर्शी नेतृत्व आउँछभन्ने सुनिश्चित हुँदैन । बहुदलीय संसदीय व्यवस्थामा गठबन्धन सरकार बन्ने सम्भावना बढी हुन्छ । जहाँ साना दलहरुको दबाबले नीति निर्माण प्रभावित हुनसक्छ । त्यसैगरी प्रशासनमा राजनीतिक हस्तक्षेपमन्त्री र राजनीतिक नेतृत्वले प्रशासनिक काममा अत्यधिक हस्तक्षेपगर्दा सुशासनमा समस्या उत्पन्न हुन्छ । सत्ता टिकाइराख्न सांसदलाई प्रभावमा पार्ने, लाभ बाँडफाँडगर्ने प्रवृत्तिले भ्रष्टाचार बढ्नसक्छ । यसरी संसदीय व्यवस्था लोकतान्त्रिक र उत्तरदायी प्रणाली भएपनि यी विकृतिहरुले यसको प्रभावकारिता घटाउन सक्छन् । सशक्त कानूनी व्यवस्था, नैतिक राजनीतिक संस्कृति र सचेत नागरिक समाजले यस्ता कमजोरीहरु न्यूनीकरणगर्न सक्छन् । यसपाली कस्तो दृश्य पनि देखिएको छभने संसदीय ब्यवस्थामा पहिले दल र उम्मेदवारहरुले आफ्नो घोषणापत्र र प्रतिबद्धतापत्र तयार गरेको हुनुपर्छ । त्यसपछि मात्र सो घोषणापत्र वा प्रतिबद्धतापत्र अनुसार कामगर्नका लागि उम्मेदवारहरुको चयनगर्ने गरिन्छ । नेपालमा पनि यसअघि त्यस्तै भएको थियो । तर यसपटक पहिले उम्मेदवार उठाएर मात्र घोषणापत्र लेख्ने जस्तो उल्टो काम हुनथालेको छ । बिभिन्न पार्टीका नेताहरु आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधि सभाको निर्वाचनका लागि उम्मेदवारी दर्ता गरेपछि मात्र घोषणापत्र तयारगर्ने प्रयासमा लागेको देखिएको छ । निर्वाचनमा आआफ्ना प्रतिबद्धताहरु स्पष्टपार्न र **बाँकी ७ पेजमा**

# बिचारबिहीन भित्री गठबन्धनले देखाएको खतर्नाक संकेत

काठमाडौं । आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि बिभिन्न दलहरुले भित्रीरुपमा गठबन्धन थालेको देखिएको छ । यसअघि ०७९ को निर्वाचनमा खुलेरै नेपाली कांग्रेस र तत्कालीन माओवादी केन्द्रकाबीचमा चुनावी गठबन्धनहुँदा निर्वाचनको परिणाम पनि मिश्रित आएको थियोभने जनस्तरमा दुबै पार्टीले आलोचना खेप्नुपरेको थियो । जसका कारण उक्त निर्वाचन भएको तीनबर्ष पूराहुँदा नहुँदै संसदनै बिघटनको अवस्थामा पुग्योभने दुबै पार्टीले बिभाजनबाट गुज्रनु पर्‍यो । पुष्पकमल दाहालहरुले माओवादी केन्द्र र माओवाद दुबै परित्यागगर्ने अवस्थाको सिर्जना भयो ।

त्यसैगरी तत्कालीन माओवादी केन्द्रमा चर्को क्रान्तिकारी देखिएका जनार्दन शर्माहरु यतिबेला कम्युनिष्ट पार्टी र बिचार दुबै छाडेर डा. बाबुराम भट्टराईको राजनीतिक क्याम्पमा पुगेको देखिएको छ । त्यसैगरी नेपाली कांग्रेस बिभाजनमा पुगेको छ । बिभाजित मनस्थितिमा सो पार्टीका नेताहरु एउटै चुनाव चिन्ह रुखबाट निर्वाचन लड्न बाध्य भएका छन् । यसपटक कतिपय ठाउँमा नेपाली कम्युनिष्ट पार्टी र राजमोका बीचमा गठबन्धन भएको देखिएको छभने कतिपय स्थानमा नेपाली कांग्रेस र राप्रपालगायतका दक्षिणपन्थी पार्टीहरुका बीचमा गठबन्धन हुनथालेका समाचारहरु बाहिर आएका छन् । आगामी निर्वाचनका लागि पार्टी दर्ता गरेका नेकपा(माले) र नेपाल कम्युनिष्ट पार्टी लगायतका बामपन्थी र अन्य दर्जनौ दक्षिणपन्थी पार्टीहरु निर्वाचनमा भाग नलिने अवस्थामा पुगेका छन् । जसलेगर्दा उक्त पार्टीको मत बिभाजन हुने अवस्था देखिएको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टीले निर्वाचन बहिष्कारको नारा दिएपनि सो पार्टीका कतिपय नेताहरु निर्वाचनको पक्षमा रहेको देखिएको छ । जसलेगर्दा यस पटकको निर्वाचनमा पनि अघोषित र बिचारबिहीन गठबन्धन हुने संभावना बढेको छ । आफूलाई बैकल्पिक शक्तिकारुपमा स्थापित गराउने प्रयासमा रहेका रास्वपालगायतका पार्टीहरुमा पनि आनतरिक एकता खल्बलिएको देखिएको छ । रास्वपा र सुनौलो पार्टीकाबीचमा देखिएको खटपटले उक्त दुबै समूहलाई असहज बनाएको देखिएको छ । नेपालमा ०७२ को संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनहरुमा गठबन्धन र तालमेलगर्दै आएका नेकां र तत्कालीन माओवादी केन्द्रलगायतका प्रमुख राजनीतिक दलहरुको वास्तविक शक्ति परीक्षण यसपटक हुनेभएको छ ।

नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीसहित विघटित संसदमा प्रतिनिधित्वगर्ने र अधिकांश नयाँ राजनीतिक दलले औपचारिक गठबन्धन नगरी निर्वाचनमा होमिएका कारण आगामी फागुन २१ गतेको निर्वाचनमा सबै दलको सांगठनिक शक्ति परीक्षण हुने अवस्था सिर्जना भएको छ । नेपाली कांग्रेसले गत ०८० फागुनमा सम्पन्न महासमिति बैठक र ०८२ पुसमा सम्पन्न दोश्रो विशेष महाधिवेशनबाटै निर्वाचनपूर्व कुनै किसिमको दलीय गठबन्धन नगर्ने र सत्ता स्वार्थकेन्द्रित गठबन्धन नगर्ने निर्णय गरेको भनिएको थियो । तर सो पार्टीमा शेरबहादुर देउवा र गगन थापा समूहकाबीचमा कडा प्रतिश्पर्धाको अवस्था रहेकाले अन्तरघातको संभावना देखिएको छ । गगन थापाले स्थानीय तह, प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्य निर्वाचनमा कांग्रेसका नेताकार्यकर्ताले रुख चिन्हमै मतदानगर्ने सुनिश्चितताका लागि निर्वाचनपूर्व कुनै दलसँग गठबन्धन नगर्ने निर्णय भएको बताए पनि देउवा समूहसँग गठबन्धनगर्न बाध्य हुनुपरेको छ ।

०७४ सालको प्रतिनिधि सभाको निर्वाचनमा एमाले र तत्कालीन माओवादी केन्द्र एउटै घोषणापत्र लिएर निर्वाचनमा गठबन्धन गरेका थिए । गठबन्धनकै बलमा झन्डै दुईतिहाइ मत पनि हाशिल गरेका थिए । दुई दलबीच एकतासँगै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएर करिव अढाइ बर्ष नयाँ खालको अभ्यास भएको थियो । हाल माओवादी केन्द्र भन्ने पार्टीको नामोनिशान मेटिएको छ । ०७८ असारपछि राजनीतिक कोर्ष नै बदलिएकाले अब एमाले र पूर्ब माओवादी समूहहरुका बीचमा एकता हुने संभावना सदाका लागि टरेको छ । सत्ता साझेदार कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चाले ०७९ मा स्थानीय तहसँगै प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनमा गठबन्धन गरेका थिए । एमालेले बिभिन्न निर्वाचन क्षेत्रहरुमा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग समेत तालमेल गरेको देखिएको थियो । तर आगामी फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा त्यस्तो अवस्था नरहने भएको छ । केही साना दलबाहेक सबै दल आफ्नै बलमा प्रतिस्पर्धामा उत्रिने तयारीमा जुटेको देखिन्छ । बाहिर प्रायः राजनीतिक दलहरु निर्वाचनमा गठबन्धन वा तालमेल नगरी निर्वाचनमा जाँदैछन् भन्ने प्रचार गरिएको छभने भित्रभित्र स्थानीय तहमा गठबन्धन पनि गरिएको छ । खासमा निर्वाचनपूर्व हुने सत्ता स्वार्थकेन्द्रित गठबन्धनले दलहरुको वास्तविक परीक्षण नहुने कुरा स्पष्ट छ । कतिपय बिद्वानहरुले बहुदलीय व्यवस्थामा सत्ता राजनीतिमा गठबन्धन हुने भएपनि निर्वाचनपूर्वको गठबन्धन उचित नहुने बताएका छन् । कुनै पार्टीले सधैँभरि बहुमत ल्याउँछभन्ने हुँदैन । दुई, चारजना नेताकाबीचमा गठबन्धन गरेर कुर्सीको आदान-प्रदान, स्वार्थका लागिमात्रै गठबन्धन भएको जस्तो देखिने गरेको छ । यसपटक गठबन्धनतिर जानु नहुनेभन्ने सवाल प्रत्येक दलमा मुखर भको भएपनि वास्ताबिकता भने फरक रहेको छ । आगामी दिनमा सरकार बनाउनका लागि सहकार्यको आवश्यकता भएमा निर्वाचनपश्चात् गठबन्धनगर्न सकिने अवस्था कायमै रहेको छ । निर्वाचन अघि भएको गठबन्धनले निर्वाचनपछि सरकार बनाउन पनि सघाउँछ भन्ने पनि हुँदैन । यसअघि तत्कालीन नेपाली कांग्रेस र माओवादी केन्द्रका बीचमा १५ बर्ष गठबन्धनगर्ने भनिएको थियो । तर त्यो गठबन्धन १५ महिना पनि राम्ररी टिक्न **बाँकी ७ पेजमा**

# प्रतिनिधिसभाको निर्वाचन अगाबै अधिकांशको आँखा प्रधानमन्त्रिमा

**यो साताको बिशेष**

काठमाडौं। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि गतसाता मनोनयनपत्र दर्ता, छानविन र निर्वाचन चिन्ह प्रदान लगायतका कार्यहरु सम्पन्न भएका छन्। दलहरुले आआफ्नो घोषणापत्र सार्बजनिक गरेर बिभिन्न विकासका काममा प्रतिबद्धता जनाउनुको साटो प्रधानमन्त्रिको दाबिमा जोड दिएको देखिएको छ। जसमा एमालेका अध्यक्ष केपी ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल, नेपाली कांग्रेसका गगन थापा र कामपाका पूर्ब मेयर बालेन्द्र साह लगायतले आफूलाई भाबि प्रधानमन्त्रिका रुपमा प्रचार थालेको देखिएको छ। अन्य दलका नेताहरु पनि प्रधानमन्त्रिका लागि धेरै आक्यांक्षी देखिनु भएको छ। उम्मेदवारकाबारेमा परेका उजुरीमाथि जाँचबुझगर्ने कार्य सकिएर अन्तिम नामावली समेत प्रकाशित भएको छ। देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन आयोगमा प्राप्त जानकारीअनुसार पुरुष ३०८९, महिला ३९६ र तेश्रो लिङ्गी एकगरी तीनहजार ४८७ को उम्मेद्वारी दर्ताभएको छ। जसमध्ये चार जिल्लाका पाँच उम्मेदवारमाथि उजुरी परेको थियो। सुनसरी जिल्ला निर्वाचन क्षेत्रनं दुईका एक, रौतहट जिल्ला क्षेत्रनं एकका एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्रनं दुईका दुई र कैलाली जिल्ला निर्वाचन क्षेत्रनं एकका एक उम्मेदवारविरुद्ध उजुरी दर्ता भएकोमा लुईजनाको मात्र रद्ध भएको थियो। आगामी प्रतिनिधिसभाको निर्वाचनमा विगतका निर्वाचनहरुमा भन्दा कलिलो उमेरका उम्मेदवारको संख्या बढी देखिएको छ। चुनावी अनुभव बोकेका पाका नेताहरु चुनावी कमान्डर हुने अवस्था सिर्जना भएको छ। विशेष महाधिवेशन गरेको नेपाली कांग्रेसमा धेरै प्रमुख नेताहरु कमान्डर बन्नुपर्ने अवस्थामा पुगेका छन्भने एमाले र नेपाली कम्युनिष्ट पार्टीमा पनि धेरै युवाहरुले उम्मेदवार बन्ने अवसर पाएको देखिएको छ। एमालेको तर्फबाट चितवन-१ बाट उम्मेदवारी दर्तागर्न बागमती प्रदेशसभाका पूर्वसांसद दावादोर्जे लामाकोसाथमा उभिएर एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे चुनावी कमान्डर हुनुभएको छ। पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटा काभ्रे-२ का उम्मेदवार अशोक ब्याञ्जुको चुनावी कमान्डर बन्नुभएको छ। एमालेमा पाण्डे र बाँस्कोटाजस्तै धेरै पूर्वपदाधिकारीसहित वर्तमान उपमहासचिव योगेश भट्टराई लगायतका नेताहरु उम्मेदवारलाई चुनाव जिताउनुपर्ने जिम्मेवारीसाथ निर्वाचन क्षेत्र पुगेको देखिएको छ। नेपाली कांग्रेसका नेता रामहरि खतिवडा ओखलढुंगामा कुमार लुइँटेलको चुनावी कमान्डर बन्नुपर्ने भएको छ। नैनसिंह महरलाई डडेलधुराबाट चुनाव जिताउन कांग्रेसका संस्थापन पक्षका सभापति शेरबहादुर देउवालाईसमेत मैदान उत्रनुपर्ने बाध्यता छ। देउवाकै निकट रहेका महरलाई बिद्रोही पषका सभापति गगनकुमार थापाले डडेलधुरा पठाएपछि महरको हारजित देउवाको प्रतिष्ठासँग जोडिएको बताउन थालिएको छ। विशेष महाधिवेशनपछि राजनीतिक अस्तित्व नै जोखिममा पुगेका नेताहरुपूर्णबहादुर खड्का, गोपालमान श्रेष्ठ, शशांक कोइराला, रमेश लेखक, बालकृष्ण खाँण, प्रकाशमान सिंह, डा. आरजु देउवा राणा, हृदयराम थानी, धनराज गुरुङ, चित्रलेखा यादव, भीष्मराज आङ्देम्बे, उमाकान्त चौधरी, बद्री पाण्डे, डा.नारायण खड्का, जीवन परियार, उमेश श्रेष्ठ, दिलेन्द्र बडू, जीवनबहादुर शाही, सीता गुरुङ थापालगायत उत्तराधिकारी उम्मेदवार जिताउन निर्वाचन क्षेत्र जानुपर्ने बाध्यतामा रहनु भएको देखिन्छ। पूर्वप्रधानमन्त्री झलनाथ खनालको काँधमा आफ्नै



कार्यकर्ता रणबहादुर (आरबी) राईलाई इलामबाट चुनाव जिताउने जिम्मेवारी आइपुगेको छ। हरेक निर्वाचनमा आफूलाई पद दाबीगर्ने स्वभावका अर्का नेता बामदेव गौतम पनि यसपटक उम्मेदवारको लागि कमान्डर बन्नुपर्ने अवस्थामा पुग्नुभएको छ। बर्दियाबाट उम्मेदवार बन्ने मुडमा राष्ट्रियसभाबाट राजीनामा गर्नुभएका उहाँलाई बर्दियाका स्थानीयले इन्कार गरेपछि चुनावी कमान्डर बन्नुपर्ने बाध्यता सिर्जना भएको हो। प्रतिनिधिसभा निर्वाचनमा एमालेका उपाध्यक्ष रघुजी पन्त पनि कमान्डरको भूमिकामा देखिनुहुने भएको छ। उहाँलाई सन्दन थापामगरलाई ललितपुर-३ मा जिताउन कमान्डरको भूमिकामा पुग्नुपर्ने भएको छ। पन्त ललितपुर-३ बाट ०५१, ०५६, ०६४ र ०७० मा उम्मेदवार बन्नुभएको थियो। एमाले नेताहरु लालबाबु पण्डित, पुरुषोत्तम पौडेल, आनन्द पोखरेल, कैलाश ढुंगेल, भीम आचार्य पनि कमान्डरकै रुपमा चुनावी क्षेत्रहरुमा जानुपर्ने अवस्था सिर्जना भएको छ। उपमहासचिव भट्टराईले युवा संघका अध्यक्ष क्षितिज थेबेलाई चुनाव जिताउनुपर्ने जिम्मेवारी आएजस्तै महेश बर्तौला, सुहाङ नेम्वाङ, दीपक धामी, द्वारिका न्यौपाने, बचनबहादुर सिंह, आरसी लामिछाने, रश्मी आचार्य, ऐन महर, अस्मिता थापालगायत युवा विद्यार्थी पृष्ठभूमिबाट आएकालाई जिताउन पदाधिकारी र पूव पदाधिकारीलाई परिस्थितिले कमान्डर बनाएको छ। तत्कालीन माओवादी केन्द्रका नेताहरु पूर्वसभामुख अग्निप्रसाद सापकोटा पनि आगामी निर्वाचनमा कमान्डर बन्नुहुने भएको छ। नेपाली कम्युनिष्ट पार्टीले सिन्धुपाल्चोकबाट माधव सापकोटा र युवराज दुलाललाई उम्मेदवारका रुपमा अगाडि सारेपछि उहाँहरुलाई जिताउन केन्द्रीय कमान्ड सम्हाल्दै सिन्धुपाल्चोक पुग्नुपर्ने जिम्मेवारी सापकोटाको काँधमा रहेको छ। त्यसैगरी पम्फा भुसाल पनि यसपटक चुनावी कमान्डर हुनुपर्ने भएको छ। ललितपुर-३ बाट उम्मेदवार बन्दै विजय पराजयको अनुभव संगालेकी भुसाल अघिल्लो निर्वाचनमा आफूभन्दा करिब तीन दशक कम उमेरकी डा. तोसिमा कार्कीसँग तेब्बर मतान्तरमा पराजय व्यहोरेपछि यस पटक कमान्डरको रुपमा मात्रै निर्वाचन क्षेत्र जाने हुनुभएको छ। ललितपुर-३ मा नेकपाले राजकाजी महर्जनलाई उम्मेदवार बनाएको छ।

**नेमकिपा ५९ जिल्लामा :** नेपाल मजदुर किसान पार्टीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि ५९ जिल्लाका १२० निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवारी दिएको छ। नेमकिपाले ६७ पुरुष र ५३ महिलालाई उम्मेदवार बनाएको पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले जानकारी दिनुभएको हो। नेमकिपाले बागमती प्रदेशका १३ जिल्लामध्ये रसुवा बाहेक १२ जिल्लामा उम्मेदवारी दिएको जानकारीदिँदै उहाँले १२ जिल्लाको ३२ निर्वाचन क्षेत्रमा २० महिला र १२ पुरुषलाई उम्मेदवार बनाएको बताउनुभएको छ। उक्त प्रदेशमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवाललाई भक्तपुर क्षेत्र नं १ बाट उम्मेदवार बनाएको छ। कर्णाली प्रदेशमा सात जिल्लाको नौ निर्वाचन क्षेत्रमा एक महिलासहित नौजनालाई उम्मेदवार बनाएको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो। कालिकोटमा नन्दबहादुर शाही, जुम्लामा बिर्खबहादुर राउत र दैलेखमा बखतबहादुर थापा, सुर्खेतमा तुलसी खड्कालाई उम्मेदवार बनाइएको छ। त्यसैगरी कोशी प्रदेशको १२ जिल्लामा आठ महिला र १३ पुरुष, मधेश प्रदेशका आठ जिल्लामा ६ महिला र १६ पुरुषलाई उम्मेदवार बनाएको छ। लुम्बिनी प्रदेशको १२ जिल्लामध्ये सात जिल्लामा उम्मेदवारी दिएको नेमकिपाले आठ महिला र ६ पुरुषलाई उम्मेदवार बनाएको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो। गण्डकी प्रदेशमा ११ मध्ये पाँच जिल्लामा ६ महिला र दुई पुरुष तथा सुदुरपशिचम प्रदेशमा बाजुराबाहेक आठ जिल्लामा पाँच महिला र नौ पुरुषलाई उम्मेदवार बनाएको सो पार्टीले जनाएको छ।

**जनमोर्चा ४० जिल्लामा :** राष्ट्रिय जनमोर्चाले ४० जिल्लाका बिभिन्न क्षेत्रबाट उम्मेदवारी दिएको छ। जसअनुसार प्युठानमा तिलक जिसी, अर्घाखाँचीमा पशुपति ढकाल, दाङ १ मा गणेश आचार्य, दाङ २ मा मनिराम खनाल, दाङ ३ मा कमला जिसी, रुपन्देही १ मा हरि केसी, रुपन्देही २ मा रुकबहादुर पराजुली, रुपन्देही ३ मा बद्रे आलम, रुपन्देही ४ मा जयश्वर रेग्मी, नवलपरासी १ मा ढुण्डीराज पोखे्रल, नवलपरासी २ मा सम्झना पौडेल, कपिलवस्तु १ मा माधव भाट क्षेत्री, कपिलवस्तु २ मा लक्ष्मी शर्मा र कपिलवस्तु ३ मा केरसिंह अदै राजमोको उम्मेदवार हुनुहुन्छ। त्यस्तै, गुल्मी १ मा शेरबहादुर थापा (रामकुमार क्षेत्री), गुल्मी २ मा लालबहादुर थापा, बाँके १ मा पूर्णकला भण्डारी, बाँके २ मा जगदीश ढकाल, बाँके ३ मा तुलसी सापकोटा, बर्दिया १ मा लोकबहादुर राना, बर्दिया २ मा रतनसिंह रावत, पाल्पा १ मा नरमती सिँजाली, पाल्पा २ मा विशाल दर्लामी, रोल्पाबाट मेघनाथ विष्ट, रुकुम पूर्वमा लक्ष्मी श्रेष्ठ, डोटीबाट मनोज भट्ट (मणिराज भट्ट), डडेलधुराबा चन्द्रदेव विक, कैलाली ३ बाट देशराज चौधरी, कैलाली ४ बाट हेमराज भट्ट र कैलाली ५ बाट शोभामणि भट्टले उम्मेदवार हुनुहुन्छ। त्यसैगरी कञ्चनपुर १ बाट राजाराम चौधरी, कञ्चनपुर २ बाट रामबहादुर कार्की, कञ्चनपुर ३ बाट लालबहादुर कुँवर, दार्चुलाबाट बिर्खराज पत्न, बझाङबाट कर्णबहादुर धामी, जाजरकोटबाट रत्नबहादुर खड्का, रुकुम पशिचमबाट सत्यनारायण श्रेष्ठ, दैलेख १ बाट नरबहादुर सिंह, दैलेख २ बाट कमलबहादुर बरैमगर, सुर्खेत १ बाट मोहन थापा र सुर्खेत २ बाट पूर्णबहादुर शाही उम्मेदवार बन्नुभएको छ। बागलुङ १ बाट कृष्ण अधिकारी, बागलुङ २ बाट भीमलाल पोखरेल, नवलपुर १ बाट चन्द्र सापकोटा, नवलपुर २ बाट विष्णु गिरी, कास्की १ बाट रविमोहन ढकाल, म्याग्दी १ बाट छेमबहादुर विक (छवि विक), पर्वत १ बाट भीमलाल न्यौपाने, संखुवासभा १



बाट हेमकुमार गुरुङ, उदयपुर १ बाट लीलकुमार राई र ओखलढुंगा १ बाट शेरबहादुर खत्री राजमोको उम्मेदवार हुनुहुन्छ। त्यस्तै, सुनसरी २ बाट हरिलाल अधिकारी, बारा ३ बाट सरस्वती पौडेल, बारा ४ बाट बालकृष्ण शर्मा, रौतहट २ बाट नेक मोहम्मद, काठमाडौं ४ बाट छविबहादुर खनाल, काठमाडौं ५ बाट अशोकविक्रम जिसी (समीर सिंह), काठमाडौं ६ बाट जगतप्रसाद रेग्मी, काठमाडौं ७ बाट दीर्घबहादुर श्रेष्ठ, काठमाडौं ९ बाट बलबहादुर अधिकारी र काठमाडौं १० बाट अमरबहादुर पौडेलले उम्मेदवार हुनुहुन्छ। ललितपुर ३ बाट नीलगोविन्द महर्जन, काभ्रेपलाञ्चोकबाट सुवर्णविक्रम थापा, सिन्धुपाल्चोक १ बाट दावा लामा, रामेछाप १ बाट अर्जुन थापा, चितवन १ बाट सीता क्षेत्री, चितवन-२ बाट देवी शर्मा, चितवन ३ बाट कृष्ण केसी, मकवानपुर-१ बाट निरबहादुर सिन्तान र मकवानपुर २ बाट ओमेन्द्रबहादुर लुइँटेल उम्मेदवार हुनु भएको छ।

**पद छाड्दै उम्मेदवार बन्दै :** बिभिन्न पार्टीका नेताहरु स्थानीय तहबाट राजीनामादिँदै प्रतिनिधिसभाको उम्मेदवार बनेको थाहा भएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर उम्मेदवारी दर्ता प्रक्रिया शुरु भएसँगै स्थानीय तहका कतिपय जनप्रतिनिधिहरु धमाधम पदबाट राजीनामादिँदै उम्मेदवारी दर्तामा जुटेको देखिएको थियो। महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरुले प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गराएको पाइएको छ। यसैक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले राष्ट्रिय स्वतन्त्र पार्टीबाट झापा क्षेत्रनम्बर पाँचमा उम्मेदवारी दर्ता गराउनुभएको छ। दमक नगरपालिका-८ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगी उहाँले मनोनयन दर्ता गराउनुभएको हो। ०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारकारुपमा काठमाडौंको प्रमुखमा निर्वाचित साह अहिले प्रधानमन्त्रीको सपनादेख्दै झापा पुग्नुभएको हो। त्यसैगरी चितवनको भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले पनि पदबाट राजीनामादिँदै चितवन क्षेत्रनम्बर तीनबाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिनुभएको छ। दुई कार्यकाल भरतपुरको नेतृत्व गरिसक्नुभएकी दाहाललाई नेपाली कम्युनिष्ट पार्टीले प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको हो। त्यसैगरी सुनसरीको धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले पनि पदबाट राजीनामादिँदै सुनसरी क्षेत्रनम्बर एकबाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएको छ। ०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारभई विजयी हुनुभएका उहाँ श्रम संस्कृति पार्टीका अध्यक्षसमेत हुनुहुन्छ। आफूलाई भावी प्रधानमन्त्रीकारुपमा प्रस्तुतगर्दै आउनुभएका साम्पाङसँग धरान उपमहानगरपालिका-१७ का वडाध्यक्ष पदबाट राजीनामादिँदै मनोज भट्टराईले प्रतिस्पर्धा गर्दैहुनुहुन्छ। ०७४ र ०७९ का स्थानीय तहको निर्वाचनमा लगातार दुईपटक वडाध्यक्ष निर्वाचित हुनुभएका भट्टराई नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बन्नुभएको हो। यसरी स्थानीय तहका प्रमुखमात्र होइन, वडाध्यक्ष र वडा सदस्यहरु पनि प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुँदैछन्। त्यसैगरी पर्साको वीरगञ्ज महानगरपालिका-१० का अध्यक्ष सुशील साह कानु र वडा नं २० का अध्यक्ष रामकिशोर सिंह प्रतिनिधिसभा सदस्यका उम्मेदवार बन्नुभएको छ। कानु राष्ट्रिय स्वतन्त्र पार्टीबाट पर्सा क्षेत्रनं दुईमा उम्मेदवार बन्नुभएको छभने सिंह उज्यालो नेपाल पार्टीबाट उम्मेदवार बन्नुभएको छ। त्यसैगरी स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा पनि दोश्रो कार्यकाल पूरानगर्दै स्याङ्जा क्षेत्रनं दुईबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएको छ। उहाँलाई नेकपा एमालेले उम्मेदवार बनाएको हो। त्यसैगरी ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएको छ। थापा एमालेकातर्फबाट उम्मेदवार बन्नुभएको हो। त्यसैगरी सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाका प्रमुख असिम राईले पनि पदबाट राजीनामादिँदै नेपाली कम्युनिष्ट पार्टीकातर्फबाट सोलुखुम्बुको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बन्नुभएको छ।

**१३ प्रकारका कागजात :** आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले मनोनयन पत्र दर्तागर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने ब्यवस्था गरेको थियो। पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि गतसाता छगते भएको मनोनयनपत्र दर्तागर्दा उम्मेदवारको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यकपर्ने भनिएको थियो। उम्मेदवारी दिँदा केन्द्र, प्रदेश वा स्थानीय सरकारमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनैतहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउनेगरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेश गर्नुपर्ने ब्यवस्था थियो। उम्मेदवारले प्रतिनिधि तोकी **बाँकी ८ पेजमा**

# विश्वमा साम्राज्यवाद र प्रतिगमन बीचको अन्तर सम्बन्धबारे

**मोहनबिक्रम सिंह**



पहिले विश्वमै आतंकवाद व्यक्तिगतरुपमा बिद्यमान थियो । पछि त्यसले राज्य आतंकवादको रुप लियो । अब त्यसले साम्राज्यवादी आतंक वादको रुप लिँदैगइरहेको छ । खासगरेर बर्तमान अमेरिकी राष्ट्रपति ट्रम्पको नेतृत्वमा आतंकवादले साम्राज्यवादी रुपलिँदै गइरहेको कुरामा कुनै शंका रहन्न । अमेरिकी राष्ट्रपति ट्रम्पले संयुक्त राष्ट्रसंघको घोषणापत्र वा अन्तर्राष्ट्रिय कानूनसमेतको अतिक्रमण गरेर सिधै बिभिन्न देशमाथि आक्रमणगर्ने मात्र होइन, पूरै देशलाई नै कब्जागर्ने नीति अपनाउँदै गइरहेका छन् । उनले हालै भेनेजुयलामाथि आक्रमण गरेर त्यहाँका राष्ट्रपति मदुरोलाई अपहरण गरे ।

उनले ग्रीनल्यान्डमाथि पनि कब्जागर्ने कुरा गरिरहेका छन्भने क्यानडालाई पनि संयुक्त राज्य अमेरिकाको ५१ औं राज्य बनाउने कुरा गरिरहेका छन् । उनले इरानमाथि सिधै आक्रमणगर्ने कुरा गरिरहेका छन् । त्यतिमात्र होइन, उनले त्यहाँ राजतन्त्रको पुनर्स्थापनाका लागि पनि बल लगाइरहेका छन् । त्यसबाट साम्राज्यवाद र प्रतिगमनका बीचमा कति धेरै घनिष्ठता हुन्छ, त्यो कुरा बुझ्न पनि गाह्रो पर्दैन । पनामाको नहरलाई पनि अमेरिकाले कब्जागर्ने धम्की दिइरहेको छ । अमेरिकाको त्यस प्रकारको नीति साम्राज्यवादी आतंकवाद नै हो । साम्राज्यवादको त्यस प्रकारको आतंकवादी नीतिका कारणले सम्पूर्ण विश्वको शान्ति, सुव्यवस्था र बिभिन्न देशको राष्ट्रियता र सार्वभौमिकतामा समेत गम्भीर खतरा उत्पन्न भएको छ । अमेरिका आणविक हतियारसम्पन्न देश हो । त्यस प्रकारको शक्तिका कारणले नै त्यसले संसारभरमा आतंक मच्चाउने काम गरिरहेको छ । अमेरिकाले अहिले अमेरिका फष्टको नारा दिएको छ र त्यसले अमेरिकाको सुरक्षाको नाममा जुनसुकै देशमाथि पनि आक्रमणगर्ने आफ्नो अधिकार भएको दाबी गरिरहेको छ । ग्रीनल्यान्ड, क्यानडा वा पनामा नहरमाथि पनि त्यसले अमेरिकाको सुरक्षाका लागि नै कब्जा गर्ने घोषणा गरेको छ । त्यो अवस्थामा अमेरिकाको साम्राज्यवादी आतंकवादी नीतिका विरुद्ध विश्वव्यापी रुपमा संघर्षगर्नु अहिलेको अन्तर्राष्ट्रिय आवश्यकता बन्न गएको छ । अमेरिकाले आफ्नो साथमा आणविक हतियार भएको हुनाले संसारभरि नै त्यस प्रकारको आतंकवादी नीति अपनाइरहेको छ तर वास्तविकता यो हो, अमेरिका बाह्यरुपले जति शक्तिशाली देखिन्छ, आन्तरिक रुपमा त्यो झन्पछि झन् कमजोरहुँदै गइरहेको छ ।

प्रथमतः पूँजीवादी उत्पादन प्रणालीका कारणले नै त्यसको स्थिति कमजोर हुँदैजान्छ । पूँजीवादी प्रणालीअन्तर्गत अधिकतम नाफा कमाउनका लागि उत्पादन प्रणालीलाई झन्पछि झन् ठूलो पैमानामा विकसितगर्दै लैजानु आवश्यक हुन्छ । त्यसको अर्थ हुन्छ, पूँजीवादी उत्पादन प्रणालीले झन्पछि झन् सामाजिक रुप लिँदैजान्छ तर अर्कातिर, उत्पादनका साधनमाथिको स्वामित्व वा उत्पादनको फल प्राप्तगर्ने तरिका व्यक्तिगत प्रकारको हुन्छ । त्यसरी पूँजीवादीभत्रको उत्पादनको सामाजिक स्वरुप र व्यक्तिगत स्वामित्वका बीचको अन्तर्विरोध, जो पूँजीवादी प्रणालीभित्रको आधारभूत अन्तर्विरोध हो, झन्पछि झन् बढ्दै र तीव्रहुँदै जान्छ । त्यही अन्तर्विरोधका कारणले पूँजीवादीभत्र गम्भीर प्रकारको आर्थिक मन्दी वा संकट पनि बढ्दै जान्छ । पूँजीवादले त्यो संकटको समाधानका लागि जति प्रयत्न गरे पनि पूँजीवादी प्रणाली रहँदासम्म कहिल्यै पनि त्यो संकटको समाधान हुँदैन । त्यो संकटको समाधान अन्त्यमा समाजवादी व्यवस्थाको स्थापनापछि नै सम्भव छ । लेनिनले भनेझैँ साम्राज्यवाद पूँजीवादको सर्वोच्च र नाशोन्मुख अवस्था हो । अहिले ट्रम्पले जुन प्रकारका वा आतंकवादी नीति अपनाउदै गइरहेका छन्, त्यसलेगर्दा उनले पूँजीवादको अन्त्यका लागि नै मार्गप्रशस्तगर्ने काम गरिरहेका छन् ।

साम्राज्यवादी व्यवस्थाअन्तर्गत साम्राज्यवादी शक्तिबीचको अन्तर्विरोध अरु तीव्ररुप लिँदै जान्छ । पूँजीवादको मुख्य उद्देश्य अधिकतम नाफा हो । त्यो नाफाको आवश्यकता गति बढ्दै जान्छ, त्यही अनुपातमा बिभिन्न साम्राज्यवादी शक्तिका बीचको बजार झन् सङ्कुचित हुँदै जान्छ र बजारका लागि उनीहरुका बीचमा अन्तर विरोध बढ्दै जान्छ । बजारका लागि पूँजीवादी शक्तिका बीचमा चलेको त्यही प्रकारका अन्तरविरोधका कारणले प्रथम र द्वितीय विश्वयुद्ध भएका थियो र ती युद्धको परिणामस्वरुप विश्व साम्राज्यवादको स्थिति धेरै नै कमजोर भएको थियो । द्वितीय विश्वयुद्धपछि संसारका धेरै औपनिवेशिक देश स्वतन्त्रमात्र भएनन्, त्यहाँ कैयौं नयाँ पूँजीवादी वा साम्राज्यवादी देशको पनि विकास हुँदैगयो । त्यसलेगर्दा बजारका लागि साम्राज्यवादी शक्तिका बीचको अन्तर्विरोध अरु बढेर गयो । अहिले ट्रम्प सत्तामा आएपछि साम्राज्यवादका बीचको त्यो अन्तर्विरोध अरु तीव्रबन्दै गइरहेको छ । ट्रम्पले जसरी ट्यारिफ बढाउदै लगे, त्यसलेगर्दा संसारका कैयौँ पूँजीवादी वा साम्राज्यवादी देशसित अमेरिकाको अन्तरविरोध बढेर गयो । अहिले ट्रम्पले ग्रीनल्यान्डलाई कब्जागर्ने जुन नीतिको घोषणा गरेका छन्, त्यसबाट नाटोसित नै उनको अन्तरविरोध बढेर जाने सम्भावना देखापर्दै गइरहेको छ । नाटोसितको अमेरिकाको अन्तरविरोध बढ्नुकासाथै अमेरिकाको शक्तिमा धेरै नै ह्रास आउने कुरा निश्चित छ । अमेरिकाको क्यानडा वा पनामा क्यानललाई कब्जागर्ने नीतिबाट पनि अन्य पूँजीवादी वा साम्राज्यवादी देशसितको अमेरिकाको अन्तरविरोध अरु बढेर गइरहेको छ र अरु बढेर जानेछ । ट्रम्पको आप्रवासीसम्बन्धी नीतिबाट पनि विश्वभरमा नै उनी धेरै नै अलोकप्रिय बनेर गएका छन् । अन्य देशसित अमेरिकाको अन्तर्विरोध बढेर जानुकासाथै स्वयं अमेरिकाभित्र पनि त्यसको स्थिति कमजोर हुँदैगएको छ । ट्रम्पले संसारभरि लगाएको ट्यारिफ नीतिबाट अमेरिकाको बजारमा नै गम्भीर समस्या देखापर्दैगएको छ र स्वयंअमेरिकामा नै ट्रम्पप्रतिको असन्तोष बढ्दै गइरहेको छ । त्यहाँ ट्रम्पको शासनको विरुद्ध लाखौं जनताको विरोध प्रदर्शनबाट पनि त्यो कुरा प्रष्ट हुन्छ । स्वयं रिपब्लिक पार्टीका सिनेट पनि झन्पछि झन ट्रम्पका विरुद्ध देखापर्दै गइरहेका छन् । मध्यएसिया, दक्षिण अमेरिका, भारत आदि देशसित पनि अमेरिकाको अन्तर्विरोध बढ्दै गइरहेको छ । ट्रम्पले पूरा शक्ति लगाउनुका बाबजुत न्युयोर्कको मेयरमा ट्रम्पको उम्मेदवारको पराजयले पनि अमेरिकामा ट्रम्प कति धेरै अलोकप्रिय हुँदैगएका छन् ? त्यो कुरा बुझ्न गाह्रोपर्दैन । संक्षिप्तमा भन्न सकिन्छ, ट्रम्पले जुन प्रकारको नीति अपनाइरहेका छन् वा आतंकवादको नीति अपनाइरहेका छन्, त्यसबाट खालि ट्रम्प र अमेरिकी साम्राज्यवादमात्र होइन, विश्व साम्राज्यवादको स्थिति नै कमजोर हुँदैगइरहेको कुरा बुझ्न गाह्रो पर्दैन । **(लेखक : नेकपा(मसाल)का महासचिव हुनुहुन्छ । )**

# अन्तराष्ट्रिय

## प्यालेष्टाइनबारे इजरायलको दोहोरो भूमिका र हालै मारिएका तीनजना पत्रकार

**कर्तव्य**

इजरायलले गाजामा गतसाता बिहीबार बिहानबाट फेरी नरसंहार शुरुगरेको छ । इजरायली सेनाको आक्रमणबाट कैयन हताहत भएका छन् । अन्तराष्ट्रिय समाचार एजेन्सीहरुका समाचार बिवरणअनुसार सीमा क्षेत्र नजिकै रहेको एक गाडीमा बम आक्रमणहुँदा आसपासका मानिसहरु मारिएका हुन् । गाजाको स्वास्थ्य मन्त्रालयकाअनुसार मृत्युहुनेमा तीनजना पत्रकारसमेत रहेका छन् । पत्रकारहरु मोहम्मद केश्ता, अब्दुल रऊफ शाथ र अनस घुनैम सेन्ट्रल गाजास्थित नाटजरिम कोरिडोरमा इजिप्टको सहयोगको नियमनगर्न बनाइएको कमिटीका विषयमा रिपोर्टिङ गरिरहेको अवस्थामा मारिएको बताइन्छ । उनीहरु बिस्थापितहरुको नयाँ शिविरमा मानवीय सहयोगसम्बन्धी विवरण संकलन गरिरहेका बेला बम हमलामा परेका थिए । कमिटीका अध्यक्ष माहेम्मदमन्सुरले नयाँ शिविरमा भिडियो सुट गरिरहेको समय उनीहरु मारिएको बताएका छन् । इजरायलको नियन्त्रणमा रहेको इलाकाभन्दा पाँच किलोमिटर पर सो आक्रमण भएको थियो । इजरायली सेनाको रेडियोले इजरायली सुरक्षाश्रोतको हवालादिदैं केन्द्रीय गाजास्थित एक गाडीलाई इजरायली वायु सेनाले निशाना बनाएको जनाएको छ । उक्त गाडीमा बसेर मानिसहरुले सेनाको गोप्य गतिविधि खिच्नका लागिड्रोन प्रयोग गरेको पनि इजरायली सेनाको दाबी छ । मध्य गाजामै भएको इजरायलको अर्को आक्रमणमा एकै परिवारका तीनजना मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् । देर इलबालाहस्थित अल अक्सा सहिद अस्पतालका अनुसार बाबु, छोरा र अर्का एक आफन्त यस आक्रमणमामारिएका थिए । त्यसैगरी दक्षिणी गाजामा इजरायली सेनाले गरेका दुई फरक आक्रमणमा बालक र एक महिलाको पनि मृत्युभएको छ । गत १० अक्टुबरमा अमेरिकाको मध्यस्थतामा इजरायलर हमासबीच युद्धविराम सम्झौतामा हस्ताक्षर भएको थियो । तर इजरायलले यस सम्झौता पटक,पटकउल्लंघन गरेको प्यालेष्टिनी अधिकारीहरुको आरोप रहेको छ । इजरायलले गाजामा खाद्यान्न, औषधी र आश्रयस्थलका लागि आवश्यक टेन्टलगायतका सामाग्रीको ढुवानीमा पनि अवरोध गरिरहेको छ । जसका कारण जाडोयाममा यहाँको झन्डै २२ लाख जनसंख्या प्रभावित भएको छ । त्यसैगरी सिरिया-लेबनान सीमा क्षेत्रका चारवटा नाकामा पनि इजरायलले आक्रमण गरेको छ । हिजबुल्लाहले सो क्षेत्रहुँदै हतियारको तस्करी गर्नेगरेको



इजरायलको आरोप रहेको छ । इजरायल र लेवनानका हिजबुल्लाह लडाकुबीच सन् २०२४ मा युद्धविराम भएपनि त्यसलाई इजरायलले निरन्तर उल्लंघनगर्दै आएको छ । लेबबानका राष्ट्रपति जोसेफ औनले एकपटक फेरि इजरायलले लेबनानका गाउाहरुमा हवाई हमला गरेर प्रणालीगत आक्रमणको नीति पछ्याइरहेको देखाएको बताउनुभएको छ । उहाँले इजरायल युद्धविराममा प्रतिवद्ध नदेखिएको आरोप पनि लगाउनु भएको छ । इजरायली युद्ध विमानहरुले दक्षिण लेबनानका धेरै गाउँ र बस्तीहरुमा बम हमला गरेको लेबनानको राष्ट्रिय न्युज एजेन्सीहरुले जनाएका छन् । अल खारायेव, अल अन्सार, कानारित, केफोर र जार्जोउ क्षेत्रमा आक्रमण भएको उक्त एजेन्सीको रिपोर्टमा उल्लेख छ । इजरायली सेनाले सामाजिक सञ्जालमार्फत सिरिया-लेबनान सीमा क्षेत्रका चारवटा नाकामा आक्रमण गरिएको जनाएको छ । हिजबुल्लाहले यस क्षेत्रहुँदै हतियार तस्करी गर्नेगरेको उसको आरोप छ । लेबनानको सेनाले एक विज्ञप्ति जारीगर्दै इजरायली आक्रमणमा सर्वसाधारणका भवन र घरहरु ध्वस्त भएको जनाएको छ । सो कदमले युद्धविराम सम्झौता र लेबनानको सार्वभौमिकताको अवमूल्यन भएको सेनाको भनाई छ । युद्धविराम सम्झौताअनुरुप हिजबुल्लाहलाई निशस्त्रगर्ने राष्ट्रिय सेनाको योजनामा यस आक्रमणले अवरोध सिर्जना गरेको पनि सेनाले जनाएको छ । इजरायलको आक्रमणलाई देखाएर हिजबुल्लाहले हतियार बुझाउन आनाकानी गर्दैआएको छ । सन् २०२४ को नोभेम्बरमा इजरायल र लेबनानबीच युद्धविराम सम्झौता भएपनि हिंसा कायमै रहँदा हालसम्म लेबनानमा ३५० जनाले ज्यान गुमाइसकेका छन् । यसैबीच संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले प्यालेष्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) को जेरुसेलमको शेख जराह स्थित भवन इजरायली अधिकारीहरुले कब्जागरी ध्वस्त पारेकोमा निन्दा गर्नुभएको छ । एक विज्ञप्ति जारीगर्दै महासचिव गुटेरेसले इजरायल सरकारलाई युएनआरडब्लुएको विध्वंस तुरुन्तै रोक्न र ढिलाइ नगरी संयुक्त राष्ट्रसंघमा फिर्तागर्न तथा पुनर्स्थापनागर्न आग्रह गर्नु भएको छ । गुटेरेसले शेख जराह कम्पाउन्ड संयुक्त राष्ट्रको सम्पत्ति भएको उल्लेखगर्दै कुनै पनि प्रकारको हस्तक्षेपबाट सुरक्षित हुनुपर्ने बताउनु भएको छ । जनवरी-८ मा इजरायली प्रधानमन्त्रीलाई लेखेको पत्रमा त्यस्तो बताइएको हो । गुटेरेसले युएनआरडब्लुए विरुद्धकार्यहरुको पूर्णरुपमा अस्वीकारगर्दै यस्तो कार्य संयुक्त राष्ट्र सङ्घको बडापत्र, संयुक्त राष्ट्रको विशेषाधिकार र उन्मुक्ति सम्बन्धी महासन्धि र अन्तर्राष्ट्रिय कानून विपरीत भएको बताउनु भएको छ । इजरायली कब्जा बलले जेरुसेलममा रहेको युएनआरडब्लुएको मुख्यालयमा छापा मारेको थियो र यसका केही भागहरु ध्वस्त पारेको थियो । अर्कातिर इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा गठन गरिएको शान्ति बोर्डमा सामेल हुन सहमति जनाउनुभएको छ । यसअघि नेतान्याहुको **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा साना राष्ट्रहरुको सार्वभौमसत्ता रक्षाको सवाल

**खिमराज गिरी**



आजका सन्दर्भमा साना राष्ट्रहरुको सार्वभौमसत्ताको सवाल गंभिर रुपमा उठेको छ । विश्वका धेरै साना राष्ट्रहरुमध्ये नेपालमा विगत लामो समयदेखि राजनीतिक परिवर्तनको नाममा प्रत्येक दशकमा सामाजिक उथलपुथल र आन्दोलन भएको यथार्थ छिपेको छैन । त्यस्तै गत भदौ २३ र २४ गते दुई तिहाइको सरकार गिराउने उद्देश्यले जेनजेडको नाममा गरिएको आन्दोलनले २४ घण्टामा उग्र रुप लियो र सत्ता नै परिवर्तन भयो । त्यस्तै गत हप्ता नयाँ वर्ष २०२६ जनवरी ३ मा भेनेजुएलामाथि अमेरिकी सेनाको आक्रमणले करिब ३० मिनेटमा राष्ट्रपति निकोलस मदुरो र उनकी श्रीमती सिलिया फ्लोरेन्सलाई अपहरण गरीएको समाचारले आज विश्व तरंगित बनेको छ र राजनीतिक बित्तमा बिभिन्न अड्कलवाजीहरु गरिएका छन् ।

युएन चार्टरमा कुनै पनि शक्तिसाली देशले अर्को सार्वभौम राष्ट्रमाथि शक्ति प्रयोगगर्न नपावस भन्ने उद्देश्यले केही सिद्धान्तहरु स्पष्ट पारेको छ । जसअनुसार सार्वभौमिक समानताको सिद्धान्त, बल प्रयोग नगर्ने सिद्धान्त जसअन्तर्गत कुनैपनि राष्ट्रले अर्को राष्ट्रको भौगोलिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सैनिक बल, धम्की वा हिँसाको प्रयोग गर्न पाउँदैन । वास्तवमा समकालिन विश्व राजनीति हेर्दा एउटै उद्देश्यको लागि सत्ता परिवर्तन गर्न नेपालको सन्दर्भलाई लिने होभने बन्दुक, ट्यांक र सैनिक हस्तक्षेप नभईकन पनि सत्ताको उलटपलट भयोभने अर्कोतिर गतहप्ता मात्र भेनेजुएलामा भएको घटनामाथि विश्लेषण गर्ने होभने सैनिक हस्तक्षेप हुनुपूर्व करिब एक दुई महिना पहिलादेखि नै बिभिन्न गुप्तचर एजेन्सीहरुको सहायताले त्यहाँको वस्तुस्थितिवारे बुझिन्छ र अचानक रातको समयमा राष्ट्रपति भवनमाथि नै आक्रमण गरी राष्ट्रप्रमूखलाई नै अपहरण गरिन्छ । यसरी हेर्दा आन्दोलन सैनिक हस्तक्षेपबाट मात्र नभई सामाजिक सञ्जाल, सूचना, आर्थिक प्रलोभन, बिभिन्न अन्तर्राष्ट्रिय संस्थाहरु परिचालन गरी वैचारिक हस्तक्षेपबाट पनि गर्न सम्भव देखिने तथ्यगत विवरण पाउन सकिन्छ । हाल मात्र भेनेजुएला र नेपालको घटनालाई नियाल्दा अमेरिकी राजनीतिक दाउपेचको चर्चा तीब्ररुपमा चलेको देखिन्छ । सत्ताको उलटपलट दुवै देशमा निकै छोटो समयमा भएको थियो । अहिले भेनेजुएलाको तेल खानीमाथि हस्तक्षेपगर्ने उद्देश्यले अमेरिकाले उक्त देशको सार्वभौम सत्तामाथि नै खेल खेलेको भनेर चीन, रुस, भियतनाम, डेनमार्क जस्ता देशहरुले चर्को विरोध गरिरहेका छन् भने हाल उक्त विषयको चर्चा सार्वजनिक वहसको विषय बनेको छ र धनी राष्ट्रले गरिब र निमूखा राष्ट्रप्रतिको ब्यवहार र हेर्ने दृष्टिकोणवारे पनि ब्यापक रुपमा बहस गर्नुपर्ने समय आएको कतिपय जानकारहरु बताउँछन् ।यति मात्र नभएर अमेरिकाको अबको गन्तब्य भनेको डेनमार्कसँग घनिष्ट सम्बन्ध राख्दैआएको ग्रिनल्याण्ड टापु हो जुन विश्वको सुन्दर हिराको रुपमा चिनिन्छ । जहाँ चिनीया सक्रियता पनि रहेको छ जसले गर्दा जहाँ जहाँ चिनीया र रुसको सक्रियता रहेको छ त्यहाँ अमेरिकी दृष्टि रहनु नौलो कुरा भएन । सैन्य हस्तक्षेप गरेर भएपनि ग्रिनल्याण्डलाई अधिनमा लिन सक्ने ट्रमको संकेतपछि डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले कडा विरोध गरेकी थिइन । त्यस्तै ग्रिनल्याण्डका प्रधानमन्त्री जेन्स फ्रेडरिकले पनि कडा आपत्ति प्रकट गरेका छन् ।

अमेरिकाले यति मात्र नभएर सन् २००१ देखि २०२१ सम्म अफगानिस्तानबाट ब्ल्याक डायमण्ड लैजाने स्वार्थमा देशमा अन्तर्राष्ट्रिय सेनानै तैनाथ गरायो र हाल अफगानिस्तानको आर्थिक स्थिति जर्जर अवस्थामा रहेको छ भने सामाजिक विचलन कायमै छ । जातीय र धार्मिक दङ्गा चलिरहेको छ । त्यस्तै कङ्गो र बुरुण्डीमा पनि त्यस्तै युएन मिसन चलायो र अझै पनि कायमै छ । इजरायल र गाजाको विवाद अझै कायमै रहेको छ । पूर्वी एशियामा जापान र दक्षिण कोरिया उसैको वर्चश्वमा छभने दक्षिण एशियामा बंगलादेश, नेपाल, श्रीलंका उसैको अधिनमा प्रायः देखिन्छ तथापी नेपालको मामलामा भारतीय खुफिया एजेन्सी रअ को पनि हात रहेको देखिन्छ । यसैगरी इराक, इरान, कुबेतमा पनि तेल खानी आफ्नो स्वामित्वमा राख्नको लागि अमेरिकाले हर प्रयत्न गरी सयौं वर्षसम्म पुग्ने गरी तेल तथा खनिज पदार्थको मौजाद राख्न सफल भएको छ ।गत सेप्टेम्वर ९ तारिक अर्थात् भदौ २३ गते केपी शर्मा वलीको नेतृत्वमा रहेको दुईतिहाइको सरकार २४ घण्टामा नै अपदस्त हुनु नेपालको राजनीतिक इतिहासमा नौलो घटनाको रुपमा लिन सकिन्छ । औपचारिक रुपमा यसलाई जेनजेडको नाम दिइएता पनि अन्तर्राष्ट्रिय शक्ति केन्द्रको दाउपेच भएको कुरा बिभिन्न अमेरिकी फाउण्डेसन तथा संस्थामा आवद्ध ब्यक्तिहरुको क्रियाशिलता भनेर चर्चा गरिएको छ । नेपालमा कयौ वर्षदेखि सत्तामा रहेका नेपालका ठूला भनिने दलहरुद्धरा शासित जनताको आक्रोश चरम सीमामा पुगेको, सामाजिक सञ्जाल बन्द हुनु, भ्रष्टाचार बढ्दै जानु, सत्तामा नातावाद, कृपावाद झाँगिनु, दलको नेतृत्व कयौ वर्षदेखि एउटै ब्यक्तिमा सीमित रहनु आदि कारणले गर्दा सत्तासिन दलका केही असन्तुष्ट पक्ष तथा सत्ता बाहिरका दलका केही ब्यक्तिहरुद्धरा असन्तोष ब्यक्त भइरहेको अवस्थामा अन्तराष्ट्रिय शक्ति केन्द्रहरु विशेषगरी अमेरिका र भारतद्वारा परिचालित विविध अन्तर्राष्ट्रिय खुफिया एजेन्सीहरुको सहयोगमा जेनजेड युवाहरुलाई ढाल बनाएर आन्दोलन गरिएको कुरा चर्चामा आएको थियो । जसले गर्दा देशमा सत्ताको साँचोमात्र बदलिएन देशमा भएका महत्वपूर्ण ऐतिहासिक धरोहरहरु सर्वोच्च अदालत, सिंहदरवार, संसद भवन, राष्ट्रपति भवन लगायत बिभिन्न नेताहरुको घर जलाउने काम गरियो र **बाँकी ७ पेजमा**

# साम्राज्यवाद बिरुद्ध उत्पीडित राष्ट्र र जनताको आवाज

लोकनारायण सुवेदी



अमेरिकी साम्राज्यवादद्वारा एउटा सार्बभौम राष्ट्र भेनेजुएलामाथिको खुलेआम नग्न हस्तक्षेप भयो। त्यसपछि यता पनि अमेरिकी साम्राज्यवादले कोलम्बिया, क्यूवा, मेक्सिको, ग्रिनल्याण्ड र ईरानलगायतका राष्ट्रहरुलाई आक्रमण र अतिक्रमणगर्ने धम्की दिइरहेको छ। विश्व २१ औं शताब्दीको तेश्रो दशकमा पुग्नलागेको र बिज्ञान प्रबिधिले विश्वलाई पहिलेभन्दा धेरै निकट तुल्याइसकेको अबस्थामा पनि विश्वमा साम्राज्यवादी नब औपनिबेशिक हर्कतका यस्ता मिचाहा उद्दण्ड एकपछि अर्को दुष्कार्य भने हुन छाडेका छैनन्। साम्राज्यवाद स्थल, जल, नभ सर्बत्र आफ्नो कब्जामा लिने अगस्थी भोकले आक्रान्त छ यसका लागि विश्वमा जुनसुकै अमानबीय, अमान्य र आततायी दुष्कार्यगर्न पनि पछि पर्दैन भन्ने कुरा पुनः प्रष्ट भएको छ। ऽबास्तवमा जतिबेलादेखि संयुक्त राज्य अमेरिका एउटा साम्राज्यवादी देशमा परिणत भयो त्यसयता सम्पूर्ण इतिहासमा एक पछि अर्को यस्ता अरु देशको सार्बभौमिकता, अखण्डता र स्वाधीनतालाई निर्धक्क र बेशर्मीकासाथ कुल्चिने काला हमलाकारी कुकृत्यगर्न नचुकेको इतिहास यसले कायमगर्दै आएको छ। यस क्रममा उसले विश्वका राष्ट्र समुद्धायलाई एकपछि अर्को अनेक फत्तुर लगाउने, झूटा तथ्यहीन कुरा उठाएर निहुँ खोज्ने र असत्य कुरा उरालेर हस्तक्षेपगर्ने बहाना बनाउने गर्दैआएको छ। यस कुरामा बर्तमान अमेरिकी राष्ट्रपतिले आफ्ना पूर्बबर्ती शासकहरु सबैलाई उछिनेका छन् र धेरै पछाडि पारेका छन्। बिगतलाई पनि कोट्याउने हो भने त २० औं शताब्दीको पूरै विश्व इतिहास साम्राज्यवादीहरुको काला कुकर्महरुबाट भरिएको पाइन्छ नै। यता २१औं शताब्दीका पनि अहिले पनि जति बर्ष बितेका छन् त्यत्तिकै अमेरिकी साम्राज्यवादका कुकृत्यहरुको गणना पनि भइरहेको छ। इराक, अफगानिस्तान, लीबिया, सुडान, सोमालिय, सीरिया,यूक्रेन, ईरान, प्यालेष्टाइन लगायत यतिखेर आएर भेनेजुएलायसको शिकार र आक्रान्त बनेका छन्। अन्यदेशमा पनि अमेरिकी साम्राज्यवादले यस्तै आततायी हमला गरेर तिनलाई आफ्नो अधिनस्थ तुल्याउन उद्यत छ। अहिले पछिल्लो पटक इरान र ग्रिनल्याण्डमाथि अमेरिकी साम्राज्यबाले दबाब र अतिक्रमणगर्न उद्यत भएको देखिदैछ। उसका नाटोका नातेदार देशहरु पनि त्यसको खिलाफमा खडा हुन बाध्य हुदै गएको देखिएको छ। ल्याटिन अमेरिकी महादेशमा स्थित भेनेजुएला विश्वमै खनिज तेल सबैभन्दा बढी भएको एउटा स्वाधीन र सार्बभौम देश हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यो सार्बभौम देशलाई जबर्जस्ती कुल्चिने काममात्र गरेनन् उनले त विश्वभरीका देशहरुलाई कुनै अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्रसंघको बडापत्र र राष्ट्रहरुको सार्बभौमिकताको सिद्धान्त सबैलाई खुलेआम धज्जी उडाउँदै कानून, संस्था, नियम, मूल्य, मान्यता, कुटनीति आदि कुनै कुरा कुल्चिन बाँकी राखेनन्। त्यसैले यो भेनेजुएलामाथि भएको आक्रमण र हमला केवल भेनेजुएलमाथि मात्र भएको नभई ल्याटिन अमेरिकी देशहरु समेत तेश्रो विश्वका हरेक देशहरुमाथिको हमला बन्नगएको छ। यसरी नै यो दोश्रो विश्व युद्धपछि पूँजीवादी विश्वमा बनेको अन्तर्राष्ट्रिय संस्थाहरु,सहमतिहरु, सम्झौताहरु र विश्व मान्य अन्तर्राष्ट्रिय कानूनहरुमाथिको समेत ठाडै हमला होभन्ने कुरा विश्वभरी नै आज एकदमै प्रष्ट भएको छ। भेनेजुएला ल्याटिन अमेरिकी महादेशको एउटा यस्तो देश हो जोसँग तेल, प्राकृतिक ग्याँस तथाअन्य महत्वपूर्ण अति सुक्ष्म दुर्लभ खनिज पदार्थहरुको बिशाल भण्डार छ। त्यो देशसँग ३०३ अर्ब ब्यारेल तेलको जुन भण्डार छ त्यो विश्वकै सबभन्दा बिशाल तेल भण्डार रहेको तथ्यांक छ। अमेरिकी साम्राज्यवाद त्यसै तेल भण्डारलाई कसैगरी पनि हात पार्न चाहन्छ।

यो कुटील अमेरिकी स्वार्थका बिरुद्ध भेनेजुएली जनता बारम्बार खडा हुँदै र संघर्ष गर्दैआएको छन्। पूरै ल्याटिन अमेरिकामा जस्तै भेनेजुएलमा पनि अमेरिकी साम्राज्यवादप्रति ठूलो बिरोध, रोष र उसको थिचोमिचोप्रति अत्यन्तै ठूलो घृणा रहेकोछ। अनि भेनेजुएलाको इतिहास पनि झण्डै दुइ शताब्दी पुरानो छ। भेनेजुएलामा लामो समयसमम संयुक्त राज्य अमेरिकाको नब उपनिबेश रहेको थियो। सन् १९७६ मा भेनेजुएलाले तेल उद्योगको राष्ट्रियकरण गरेको थियो। ह्यूगो चाभेजको कार्यकाल(१९९९-२०१३) मा अमेरिकाको बहुराष्ट्रिय तेल कम्पनीहरुको भूमिकालाई त्यहाँ अन्त्यतः सीमित तुल्याइयो। त्यसपछि त्यहाँ एक दुइ अमेरिकी कम्पनीले मात्र कामगर्दै आएका थिए। बामपन्थी नेताहरु ह्यूगो चाभेज र निकोलस मदुरोको शासनकामा भेनेजुएला अमेरिकी साम्राज्यवादीहरका लागि आँखाको कसिंगर रहँदै आएको थियो। उनीहरु दुबैले अमेरिकाको साटो रसियाली, चिनियाँ देशहरु र यूरोपेली साम्राज्यवादीहरुसँग पनि निकट र गहिरो सम्वन्ध कायमगर्न पुगे। यसमा अमेरिकी साम्राज्यवादको के कोशिश थियो भने उसले कुनै पनि किसिमले चाभेजलाई सत्ताबाट हटाउने। तर उसले यस षडयन्त्रमा सफलता पाउन सकेन। चाभेजको मृत्यु पछि अमेरिकाले सोचेको थियो कि शायद मदुरोको कार्यकालमा यो भेनेजुएला कब्जा गर्न सफलता पाउने छ। जुन सफलता चाभेजको समयमा पाउन सकेको थिएन। तर मदुरोलाई पनि जब अमेरिकी साम्राज्यवादले कुटील र योजनाबद्ध षडयन्त्र अपनाउदा पनि हटाउन नसके पछि ३ जनवरी २०२६ का दिन राष्ट्रपति मदुरो र उनकी पत्नी प्रथम महिला फ्लोरेन्सलाई एका आक्रामक र नग्न सैन्य कारबाही गरेर जबर्जस्ती अपहरण गरेर अमेरिका लिएर गयो। त्यस आक्रमणका क्रममा भेनेजुएलाका सेना लगायत धेरै मानिसको हत्या गरिएको थियो भने क्यूबाका ३२ जना सुरक्षा कमाण्डोका जवानहरुको आततायी हमलामा मारिएका थिए। अहिले त डानाल्ड ट्रम्प खुलेआम घोषणा गरिरहेका छन् कि उनी भेनेजुएली तेल भण्डारको मालिक हुन् र उनले नै भेने जुएलाको शासन सञ्चालन गर्नेछन्। उनी दम्भपूर्बक के घोषणा गरिरहेका छन्भने उनलाई कुनै अन्तर्राष्ट्रिय कानूनको कुनै मतलब छैन। अहिलेका अमेरिकी राष्ट्रपतिहरु जुन हस्तक्षेपकारी आक्रमण अपरोक्ष किमिले लुकीछिपी गर्ने गर्दथे त्यो काम अहिले डोनाल्ड ट्रम्प कुनै लाज शरम नमानी नाङ्गो किसिमले गरिरहेका छन्। यतिबेला भेनेजुएलाको स्वतन्त्रता तथा सम्प्रभूतामाथि भएको यो नग्न आक्रमणको विश्वमा चारैतिरबाट निन्दा र भर्त्सना भइरहेको छ। कोही कोही शाकहरुमात्र मौन या तटस्थ बसको बहानामा प्रकारान्तरले ट्रम्पको पक्षमा परोक्षरुपमा खडा भएका देखिन्छन्। इज्रायलका प्रधानमन्त्री मात्र **बाँकी ७ पेजमा**

# लोप हुँदैगएका सुदूरपश्चिमका लोककथालाई संझँदा

राजेन्द्रप्रसाद पनेरु

हिउँदका कठ्यांग्रिँदा चिसा रात, सुदूरपश्चिमका पहाडी गाउँबस्तीहरुमा एउटा छुट्टै रौनक र आत्मीय सुगन्ध लिएर आउँथ्यो। जब गाउँमा साँझ, पर्दथ्यो, अर्थात् सन्ध्याकालको छायाँ छिप्पिँदै जान्थ्यो, घर-घरका अगेनामा धुवाउँदै आगो बालिन्थ्यो। घरका महिलाहरु छिटोछिटो खाना बनाउने कार्यमा खटिन्थे। खाना खाएपछि आगोको न्यानो "आँच नजिक ज्येष्ठ नागरिकहरु बस्दथे। उहाँहरुलाई वरिपरि नाति-नातिनीहरुले एउटा अटुट घेरामा बेर्दथे। ती अबोध आँखा र जिज्ञासु मनहरुको एउटै मधुर आग्रह हुन्थ्यो– हजुरबुबा, आज एउटा कथा हालिदिनुस् वा हजुरआमा, आज कुनै डर लाग्ने वा अचम्मको कहानी सुनाउनुस्। त्यसपछि शुरुहुन्थ्यो लोककथा हाल्ने एउटा यस्तो अटुट सिलसिला, जसले रातको सन्नाटालाई मात्र चिर्दैनथ्यो, बरु सुन्नेहरुको मानसपटलमा एउटा नयाँ संसारको सृष्टि गरिदिन्थ्यो।

कथा वाचनगर्ने ती ज्येष्ठ नागरिकहरु आफ्नो बोलीको लय मिलाउँदै, कहिले पात्रसँगै आफूलाई जोडेर भावुक बन्थे भने कहिले आँखाबाट आँसुझार्दै कथाको गहिराइ र पात्रको पीडालाई महसुस गराउँथे। कथाको बीच-बीचमा कथाको प्रसङ्गमै रहेर भावुक देउडा वा भ्याउरेका टुक्राहरु हालेर भाव व्यक्त गर्दथेभने कहिले कौतुहलता जाग्ने गरी कथाभन्ने गर्दथे, जसबाट केटाकेटीहरु कहिले डरले आँखा चिम्लिन्थे त कहिले 'कुन्नि अब के हुन्छ' के हुने हो भन्दै कथाको काल्पनिक सागरमा पौडिन्थे। श्रीकृष्ण माध्यमिक विद्यालयका शिक्षक वीरेन्द्रविक्रम सिंह ती कुराहरुलाई झलझल्ती सम्झिँदा पुराना बालापनका दिनहरु फिर्ता भैदिए झैं लाग्छ। समय बदलिँदै जाँदा ती बालापनका यादहरु सम्झनामा मात्र सीमित गरिदिएको छ, अगेनाको आगो विस्तारै निभेझैं गरी सुदूरपश्चिमका ती अनमोल लोककथाहरु पनि धुवाँझैं हराउँदै गएका छन् भन्नुहुन्छ। डोटी, अछाम, बैतडी, डडेल्धुरा, दार्चुला, बाजुरा, बझाङ, कैलाली र कञ्चनपुर क्षेत्रमा बोलिने डोटेली र थारु भाषाहरुमा कथा हाल्ने मौलिक परम्परा थियो। शिक्षक सिंह भन्नुहुन्छ-यी कथाहरु कुनै आधुनिक पुस्तकालयका किताबमा अक्षरकारुपमा कोरिएका थिएनन्। बरु बाजे-बज्यैबाट नाति-नातिनीसम्म मुखैमुख सर्दैआएका अलिखित इतिहास थिए। उहाँकाअनुसार सुदूरपश्चिमका लोककथाहरु बिभिन्न धारामा फैलिएका छन्। यसले यहाँको सामाजिक बनावट, धार्मिक आस्था र मानिसहरुको संघर्षमय जीवनलाई प्रतिनिधित्व गर्दछन्।

सुदूरपश्चिम क्षेत्रलाई देवभूमि पनि भनिन्छ, यहाँ मष्टो, निङ्गलाशैनी, सिद्धनाथ, वैजनाथ, सशस्त्र लिङ्ग वीरवेताल, भागेश्वर, उग्रतारा, शैलेश्वरी' र मालिकार्जुनका दैवी कथाहरु गाउँगाउँमा सुनिन्छन्। डोटेली भाषामा यस्ता कथालाई चैत भनिन्छ, जहाँ देवताहरु अन्याय सहँदैनन्, धामीमार्फत सत्य ओकल्छन् र सधैं गरिब एवं दुःखीको संरक्षककारुपमा उभिन्छन् भन्ने विश्वास रहेको छ। यसमै आधारित भएका लोककथाहरुले समाजमा न्याय, नैतिकता र आध्यात्मिक अनुशासनको एउटा बलियो जग बसाल्ने काम गरेका थिए। वीर गाथाहरुको सन्दर्भमा कत्युरी र मल्ल राजाहरुको बहादुरी, रणकौशल र उहाँहरुले राज्य संरक्षणका लागि गरेका बलिदानहरुको बखान गरिन्छ। तराईका कैलाली र कञ्चनपुरका चौधरी, डगौरा थारु समुदायमा ससाना लोककथालाई खिस्सा र ठूला एवं लामा कथालाई बटकोहीभन्ने गरिन्छ। यस्ता कथाहरुमा बाघ, बाँदर, चराचुरुंगीहरु र फूल पुतलीहरु मानिससरह बोल्ने र संवादगर्ने पात्र बन्दछन्। यसले प्रकृति र मानव जातिबीचको अटुट र संवेदनात्मक सम्बन्धलाई दर्साउ छ।

डोटेली लोककथामा भूतप्रेत, देवीदेवता, राजारानी, पौरखशाली पुरुष, चतुर किसानका कथा यति प्रशस्त थिए कि तिनले बालबालिकालाई साहस, सतर्कता र चतुराईको व्यावहारिक शिक्षा दिन्थे। गरिबले आफ्नो तीव्र वुद्धि प्रयोग गरेर सामन्ति साहुलाई हराएको वा समस्याबाट मुक्त भएको कथा सुन्दा ग्रामीण बालबालिकाहरुमा आत्मविश्वास र न्यायप्रतिको विश्वास जाग्दथ्यो। लोककथाहरु वास्तवमा सुदूरपश्चिमी समाजको ऐनाका रुपमा रहेका छन। सामाजिक अगुवा शेरबहादुर साउदले जुन समयमा न्यायिक निकाय थिएनन्, लिखित कानुनहरु आम मानिसको पहुँचभन्दा टाढा थिए, त्यसबेला देवन्यायमा मानिसहरुको अटुट विश्वास थियो। कथामा झुटो बोल्नेले देवको रिस भोगेको र सत्यको बाटो हिँड्नेले अन्ततः सुख र मोक्ष पाएको प्रशंगले मानिसहरुलाई डर र धर्म दुबैको सीमाभित्र बस्न प्रेरित गर्थ्यो भन्नुभयो। उहाँकाअनुसार, खेतीपाती, गोठालो, वनजङ्गल, घाँस दाउरा र मेलापात नै यी कथाका जीवन्त परिवेश हुन्थे। कथाले समुदायभित्रको प्रगाढ मेलमिलाप र कहिलेकाहीँ जातीय विभेद्का तीता यथार्थहरुलाई पनि सूक्ष्म रुपमा उजागर गर्थ्यो। उहाँ पहिले साँझपख कथा सुन्ने बहानामा छरछिमेकीहरु अगेना वरिपरि भेला हुन्थे, जसले 'साझा जीवन' र सामुदायिक एकताको भावनालाई बलियो बनाएको थियो। जब आधुनिकताको लहर चल्न थाल्यो, पहिले रेडियोको स्वरले कथाको ठाउँ लियो, त्यसपछि टेलिभिजनको पर्दाले अगेनाको त्यो न्यानो जमघटलाई विस्थापित गरिदियो, अहिलेको मोबाइल, इन्टरनेट र सामाजिक सञ्जालको डिजिटल युगमा बालबालिकाको ध्यान पूर्ण रुपमा भर्चुअल संसारले कब्जा गरेको छ भन्नुहुन्छ। आजका बालबालिकालाई पुराना लोककथाहरु लामो र बोरिङ लाग्छन् किनकी युट्युब र टिकटकका संक्षिप्त र कृत्रिम मनोरञ्जनले उनीहरुको धैर्यता र कल्पनाशीलतालाई साँघुरो बनाइदिएको छ। लोककथा सुन्न र त्यसको रस लिन धैर्य चाहिन्छ र सुनाउन विशेष कला चाहिन्छ, जुन अहिलेको व्यस्त समाजमा हराउँदै गएको छ। पहाडी समुदायमा हिउँदका बेला अगेना वरिपरि बसेर बूढापाकाहरुलाई कथा भन्न कर गर्ने बालबालिका मात्र हुँदैनथे, घरका र छिमेकका अन्य महिला-पुरुष पनि निकै चासोका साथ भेला हुन्थे। ती कथाहरुमा राजारानीको वैश र वैभव, भूतप्रेतको त्रास, लडाकुहरुको वीरता र जादु-मन्त्रका रहस्यमयी प्रसङ्गहरु बढी हुन्थे। यसमा किड्के दानव, विजयालोणि, शित वसन्त, **बाँकी ७ पेजमा**

# क्रिया/प्रतिक्रिया

## नयाँ नेपाली गजल एल्बम सार्वजनिक

काठमाडौं। नयाँ नेपाली गजल एल्बम सार्वजनिक गरिएको छ। दार्जिलिङको रिदम रेकर्डिङ्ले प्रस्तुतगरेको मतला त्यहाँकै संगीतकार जीवनप्रकाश प्रधानको एकल संगीतमा तयार भएको बताइन्छ। गजलकारहरु राधा कणेलका तीन तथा रश्मि असफल र घनेन्द्र ओझाका दुई/दुई गजल समेटिएको मतला मा दार्जिलिङका ३ र नेपालका दुई गायक/गायिकाले स्वर दिएका छन्। उक्त एल्बममा दार्जिलिङका रजनी ऋदम राई, इस्माइल दास र सृष्टि आचार्य प्रधान तथा नेपालका शिव परियार र निशा देशारले स्वर दिएका छन्। गजल एल्बम मतला माथि समिक्षागर्दै संगीतकार सन्तोष श्रेष्ठले नेपाली गजल गायनको स्वर्ण दशक, ०८०-०९० अभियानअन्तर्गत भारतबाटसमेत नेपाली गजल आउनुले अब नेपाली गजल लेखनसँगै गायनले पनि व्यापकता पाएको बताउनुभएको छ। उहाँले मतला सांगीतिक हिसाबले पनि सुन्दर र सशक्त भएको उल्लेख गर्नुभयो। उहाँले संगीतको भाषा, भूगोल हुँदैन। व्यक्तिको संवेदना छुने हरेक संगीत विश्वव्यापी बन्छ भन्नुभएको छ। मतला एल्बमले नेपाली गजल गायनलाई अन्तर्राष्ट्रियकरण गरेको श्रेष्ठको भनाइ थियो। अर्का समीक्षक गजलकार, गीतकार एवं संगीतकार करुण थापाले गजलले संगीतको श्वास पाएपछि मात्र जीवन्त बन्ने बताउनुभएको छ। उहाँले मतला एल्बममा समावेश गजल शब्द, संगीत र गायन तीनै कोणबाट सशक्त रहेको बताउनुभएको छ। गजलकार राधा कणेलले मतला रेकर्ड गर्दाको सन्दर्भ उल्लेखगर्दै संगीतकार प्रधान परिष्कृत साधक रहेका र अत्यन्त मिहिनेतपूर्वक एल्बम तयार भएको बताउनुभयो। यस्तै गजलकार रश्मि असफलले दुई दशकभन्दा लामो समयदेखि गजल लेखिरहे पनि संगीतमा भर्खरै आउनथालेको बताउनुभएको छ। गत पुस २७ गते गजलकार असफलकै शब्दमा सन्तोष श्रेष्ठले कोशी प्रदेशको झापामा एकल गजल गायन रश्मि गजल गुञ्जन सम्पन्न भएको थियो। गजलकार एवं गजल अभियन्ता घनेन्द्र ओझाले संगीतकार सन्तोष श्रेष्ठ र आफूले घोषणा गरेको नेपाली गजल गायनको स्वर्ण दशक, ०८०-०९० अभियानले देशको सीमा पारगरेको उल्लेखगर्दै यस अभियानमा सबैलाई जोडिन अनुरोध गर्नुभएको छ। संगीतकार प्रधानले आफू ४० बर्षदेखि संगीतमा समर्पित भएपनि सधैं बिद्यार्थीजस्तै भएको उल्लेखगर्दै निरन्तर साधनाले गजल संगीततर्फ मोडेको बताउनुभएको छ। सार्वजनिकीकरण कार्यक्रममा प्रा डा कृष्णहरि बरालले मतला ले नेपाली गजल संगीतका क्षेत्रमा विशेष अर्थ र महत्व राख्ने बताउनुभएको छ। शब्द र संगीतको उपयुक्त संयोजन तथा स्वरको सही छनोटले गजल उत्कृष्ट बन्ने भएकाले मतला भित्रका गजलमा यी विशेषता रहेका उहाँको भनाइ थियो।

## चलचित्र रमिताको पिरती प्रदर्शन हुँदै

काठमाडौं। चलचित्र रमिताको पिरती यही माघ २३ गतेदेखि प्रदर्शन हुँदै छ। सो चलचित्रलाई गीतसंगीतको माध्यमले नवपुस्ताका गायकले प्रवर्द्धनगर्ने बताइन्छ। युवापुस्तामाझ लोकप्रिय गायक तथा र्‍यापर कुशल पोखरेल, गायक तथा संगीतकार सुशान्त केसी, महेश काफ्ले र समीर श्रेष्ठले देशभर सांगीतिक कार्यक्रमगर्दै चलचित्रकाबारेमा जानकारी गराउनुहुने निर्देशक सुदिप्ताले जानकारी दिनुभएको छ। गायक श्रेष्ठले यस चलचित्रमा अभिनयनै गर्नुभएको छभने अन्य गायकले पार्श्व गायककारुपमा जोडिनुभएको निर्देशक सुदिप्ताले बताउनुभएको छ। उहाँले मैले युवापुस्ताको कथामा चलचित्र तयार गरेको पनि गीतसंगीतमा पनि नयाँपन दिन खोजेकी छु। हामीले चलचित्रको गीतसँग जोडिनुभएका युवापुस्तामाझ लोकप्रिय गायकलाई लिएर नेपाल भ्रमण गर्दैछौं। हामीले सांगीतिक माहोलमार्फत आफ्नो चलचित्रकाबारेमा जानकारी गराउने कोसिस गरेका छौं भन्नुभएको छ। उहाँकाअनुसार गत एकगते बुटवलमा सांगीतिक कार्यक्रम भइसकेको छभने विराटनगर, बिर्तामोड, धरान, पोखरा, धनगढी र काठमाडौंमा पनि हुनेछ। उहाँले चलचित्रमा एक युवतीको प्रेम सम्बन्ध अन्त्य भएपछि उसको जीवनीमा आउने उतारचढाव देखाइएको छ। निर्देशक सुदिप्ताले यो ब्रेकअप स्टोरीमा तयार भएको चलचित्र हो। हामीले नियमित बनिरहेका भन्दा केही फरकगर्ने कोशिस गरेका छौं भन्नुभएको छ। गायक तथा ऱ्यापर कुशल पोखरेल नयाँ समूहको सक्रियता देखेर सहकार्यगर्न तयार भएको बताउनुभएको छ। उहाँले चलचित्रका लागि गीत तयार गर्नुकासाथै सांगीतिक कार्यक्रममासमेत सहभागिता जनाउनुहुने बताइन्छ। गायक पोखरेलले म नेपाल भ्रमणमा जोडिएको छु, आफ्नो गीतलाई प्रत्यक्ष सुनाउन पाउँदा खुसीनै लाग्छ। यो चलचित्र बनाउने समूह नै छुटै ऊर्जा भएका छन्। त्यसैले हामीले सहकार्य गरेका हौं। राम्रो काम भएको जस्तो लाग्छ, नियमित चलचित्र भवन नपुग्ने वर्गलाई यो चलचित्रले आकर्षित गर्छजस्तो लागेको छ भन्नुभएको छ। उक्त चलचित्रमा आना शर्मा, समीर श्रेष्ठ, धीरज मगर, विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेनु योगीत, गियना, थिन्ले लामोलगायत कलाकारको अभिनय गर्नुभएको छ। यसै चलचित्रमार्फत अभिनय यात्राको शुरुआत गर्नुभएको गायक श्रेष्ठले कलाकारितामा इच्छा भएकाले नै अभिनयमा आफू आएको गायक श्रेष्ठले बताउनुभएको छ। उहाँले मैले अभिनयगर्ने शोच बनाएको थिएँ। तर, सही समय र पटकथा पाउन सकेको थिइनँ। मलाई अभिनेता बन्ने प्रस्ताव आउँदा पहिलो कुरा टोली राम्रो लाग्यो अनि विषयवस्तु पनि। सबै कुरा भनेजस्तो भएपछि किन पर्खिने भनेर अभिनययात्रा प्रारम्भ गरेको हुँ भन्नुभउको छ। श्रेष्ठले अभिनेता बने पनि गायनलाई नछाड्ने बताउनुभएको छ। उक्त चलचित्रको पटकथा निर्देशक सुदिप्तालेनै तयार पार्नुभएको होभने शिशिर विशंखेले छायांकन, सुनिल सिवाकोटीले सम्पादन र कृतिका बरालले नृत्य निर्देशन गर्नुभएको छ।

## कथाको सौन्दर्यशास्त्र सार्वजनिक

काठमाडौं। कथाको सौन्दर्यशास्त्र सार्वजनिक गरिएको छ। प्रा डा दयाराम श्रेष्ठद्वारा लिखित इन्दिरा प्रसाईंका कथाको सौन्दर्यशास्त्र नामक ग्रन्थ सार्वजनिक गरिएको छ। उक्त ग्रन्थ समालोचक प्रा डा वासुदेव त्रिपाठीले लोर्कापण गर्नुभएको हो। ग्रन्थलाई नइ एकेडेमीले प्रकाशनमा ल्याएको हो। समालोचक प्रा केशव सुवेदीले उक्त ग्रन्थ नेपाली कथा समालोचना परम्पराको नव आयाम भएको र कथाका अध्येता अनुसन्धाताहरुका लागि यसले मार्गनिर्देशन गर्ने बताउनुभएको थियो। समारोहमा लेखक श्रेष्ठले आफ्नो सैद्धान्तिक ज्ञानलाई व्यवहारमा प्रयोग गरेको र यो प्रयोगात्मक अध्ययनको नमूना रहेको बताउनुभएको थियो। त्रिभुवन विश्वबिद्यालय, नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख प्रा डा दयाराम श्रेष्ठले नेपाली कथा साहित्यका बिद्यावारिधि गर्नुभएको छ।

# नेपालको खस्कँदो अर्थतन्त्र र कालोसूचीमा पर्ने संकेतहरु

विवेक शर्मा

आर्थिक मञ्च

नेपालको अर्थतन्त्र खस्कँदै गएको देखिएको छ । देश राजनीतिमय भएका कारण खस्कँदो अर्थतन्त्रकाबारेमा खासै चर्चा परिचर्चाहरु हुन छाडेका छन् । गतसाता आफ्नो निर्वाचन क्षेत्रमा पुग्नुभएका एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले वर्तमान सरकारको अकर्मण्यता र सुशासनको अभावले नेपाल अन्तर्राष्ट्रिय रुपमा कालो सूचीमा पर्ने जोखिम बढेको बताएर सबैलाई तरंगित बनाउनु भएको थियो । राष्ट्रिय युवा संघ नेपालले आयोजना गरेको कार्यक्रमलाई सम्बोधनगर्दै अध्यक्ष ओलीले सम्पत्ति शुद्धीकरण निवारण र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल भएको आरोप समेत लगाउनुभएको थियो । उहाँले अहिले देशमा भ्रष्टाचार बढेको छ, सुशासन भन्ने चिज छैन । सम्पत्ति शुद्धीकरण निवारणको सन्दर्भमा प्रभावकारी काम हुननसक्दा देश ब्ल्याक लिष्टको नजिक पुग्ने खतरा बढेको छ भन्नुभएको थियो । उहाँले आफ्नो नेतृत्वको सरकारहुँदा नेपाललाई कालो सूचीमा पर्नबाट जोगाएको स्मरणगर्दै अहिलेको सरकार आएको चार महिनामै मुलुकको अन्तर्राष्ट्रिय साख गिरेको दाबी समेत गर्नुभएको थियो । सम्बोधनकाक्रममा उहाँले वर्तमान सरकार गठन भएपछि भ्रष्टाचार संस्थागत भएको र विकास निर्माणका काम ठप्पभएको टिप्पणी पनि गर्नुभएको थियो ।

उहाँले विश्व बैंकको तथ्यांक उल्लेखगर्दै आफ्नो कार्यकालमा नेपाल तीव्र आर्थिक वृद्धिगर्ने विश्वका उत्कृष्ट १० देशभित्र परेको भएपनि अहिले अर्थतन्त्र धराशायी भएको बताउनुभएको थियो । निवर्तमान प्रधानमन्त्रिले उता झापामा उपरोक्त चिन्ता ब्यक्त गरिरहँदा यता काठमाडौंमा सार्बजनिक भएको तथ्यांकले पनि उहाँको भनाईको पुष्टिगर्ने संकेत गरेको छ । हाल नेपालको सार्वजनिक ऋण २८ खर्ब नाघेको पाइएको छ । चालु आब ०८२/८३ को शुरुहुँदा कूल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा पुस मसान्तसम्ममा एक खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धिभई २८ खर्ब छ अर्ब ३९ करोड पुगेको हो । हाल सरकारले तिर्न बाँकी कूल सरकारी ऋण कूल गार्हस्थ्य उत्पादनको ४५.९५ प्रतिशत बराबर हुनआउँछ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयकाअनुसार गत कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशतअर्थात् १४ खर्ब ८७ अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशत अर्थात १३ खर्ब १९ अर्ब १३ करोड १० लाख रहेको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१.६० र बाह्य ऋणको अनुपात २४.३५ प्रतिशत रहेको छ । सरकारले चालु आबका लागि पाँचखर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ । जुन वार्षिक लक्ष्यको ३६.०२ प्रतिशत हुनआउँछ ।

पछिल्लो छमहिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२.८१ र बाह्य ऋणको हिस्सा १७.१९ प्रतिशत रहेको कार्यालयले जनाएको छ । सरकारले चालु आबका लागि तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ । त्यस्तै, बाह्य ऋणतर्फ दुईखर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म ३६ अर्ब ८९ करोड २२ लाखमात्रै उठाएको छ । सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठूलो रकम खर्च भएको छ । सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आबका लागि चारखर्ब ११ अर्ब एककरोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा एकखर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ । जसमध्ये आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीका लागि एकखर्ब ५५ अर्ब १३ लाख ५४ हजार र बाहृण ऋण तिर्नका लागि ३१ अर्ब ९९ करोड १२ खर्च भएको छ । त्यस्तै आन्तरिक र बाह्य दुवै शीर्षकका ऋणको साँवा भुक्तानीका लागि पछिल्लो छ महिनामा एक खर्ब ५२ अर्ब ८९ करोड र ब्याज भुक्तानीका लागि ३४ अर्ब २३ करोड खर्च भएको कार्यालयले जनाएको छ ।

त्यसैगरी चालु आब ०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालले कूल १० खर्ब ८१ अर्ब चार करोड बराबरको वैदेशिक व्यापारगर्दा सात खर्ब ९७ अर्ब ४८ लाख बराबरको घाटा व्यहोरेको पाइएको छ । भन्सार विभागले गतसाता सार्वजनिक गरेको गत पुस मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार गत आबको सोही अवधिको तुलनामा यसबर्ष कूल वैदेशिक व्यापार १७.३६ र व्यापार घाटा १०.१५ प्रतिशतले बढेको देखिएको छ । गत पुस मसान्तसम्ममा कूल नौखर्ब ३९ अर्ब दुई करोड २८ लाखको वस्तु आयातहुँदा एक खर्ब ४२ अर्ब एककरोड ८० लाख बराबरको मात्रै निर्यात भएको विभागले जनाएको छ । कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६.८६ र निर्यातको हिस्सा १३.१४ प्रतिशत रहेको छ ।

वैदेशिक व्यापारमा नेपालको सबैभन्दा ठूलो साझेदारकारुपमा रहेको भारतसँग पछिल्लो छमहिनामा पाँच खर्ब ३२ अर्ब ४५ करोड ६७ लाख बराबरको वस्तु आयात भएको देखिएको छभने एकखर्ब १५ अर्ब ७४ करोड ३६ लाखको निर्यात भएको पाइएको छ । सो अवधिमा भारतसँगको व्यापार घाटामात्र चारखर्ब १६ अर्ब ७१ करोड ३० लाख रहेको छ । अर्को छिमेकी मुलुक चीनसँगको पछिल्लो छमहिनाको व्यापार घाटा एकखर्ब ९५ अर्ब ३६ करोड ८४ लाख रहेको छ । चीनबाट एक खर्ब ९६ अर्ब ९४ लाख बराबरको वस्तु आयातहुँदा ६४ करोड नौलाख बराबरको मात्र निर्यात भएको पाइएको छ । नेपालको व्यापार घाटा बढी रहेका मुलुकहरुमा अर्जेन्टिना, संयुक्त अरब इमिरेट्स, इन्डोनेसिया, थाइल्याण्ड लगायत लगायत रहेका छन् । त्यसैगरी व्यापार नाफा रहेका मुलुकको शीर्ष स्थानमा डेनमार्क रहेको छ । पछिल्लो छमहिनामा नेपालले डेनमार्कसँग नौकरोड १५ लाखको आयात र ५१ करोड दुईलाखको निर्यातगर्दा ४१ करोड ८६ लाख व्यापार नाफा देखिएको छ । रोमानिया, स्वीडेन, इराक, नर्वेलगायतका मुलुकहरुसँग नेपालको नाफा छ । यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा उच्च रहेको पाइन्छ । चालु आबको पुस मसान्तसम्ममा ५८ अर्ब २७ करोड ९२ लाख ७६ हजारको डिजेल, ३३ अर्ब सात करोड २१ लाख ६८ हजार बराबरको पेट्रोल र २७ अर्ब चार करोड २० लाख २६ हजार बराबरको खाना पकाउने ग्यास आयात भएको पाइएको छ । त्यसैगरी सो अवधिमा २३ अर्ब २९ करोड ८३ लाख २२ हजारको स्मार्टफोन, ५७ अर्ब ४३ करोड ६२ लाख २० हजार बराबरको अप्रशोधित सोयाविन तेल, १४ अर्ब चार करोड ९३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको पाइएको छ ।

वस्तु आयातबाट संकलिन यो अवधिको भन्सार राजस्व दुई खर्ब ३८ अर्ब ५३ करोड ५४ लाख १३ हजार बराबर छ । त्यसैगरी नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाविन तेलमात्रै ५६ अर्ब आठ करोड २४ लाख २६ हजार रहेको छभने सातअर्ब १९ करोड ९५ लाखको अलैंची, चारअर्ब ७८ करोड ४४ लाखको सूर्यमुखी तेल, तीन अर्ब ११ करोडको कार्पेटलगायत रहेका छन् ।

नेपालको बाह्य व्यापारमा सातखर्ब ९७ अर्बको खाडल, भारत-चीनसँग छमहिनामै खर्बको घाटा रहेको पाइएको छ । पछिल्लो समय नेपालको वैदेशिक निर्यात बढे पनि व्यापारमा खाडल झन् गहिरिएको पाइनु आफैमा चिन्ताको बिषय छ । गत साउनदेखि पुससम्म नेपालको निर्यात ४३.७६ प्रतिशतले बढेको त छ तर घाटा पनि १०.१५ प्रतिशतले उकालो लागेको विभागले जनाएको छ । सो अवधिमा नेपालले गर्ने आयात १४.१८ प्रतिशतले वृद्धिभएको देखिएको छ । तथ्यांकअनुसार गतबर्ष पुससम्म आठखर्ब २२ अर्ब ३७ करोड पाँचलाख ४६ हजारको आयात भएकोमा यसबर्ष सोही अवधिमा बढेर नौखर्ब ३९ अर्ब दुई करोड २८ लाख ८३ हजार पुगेको पाइएको छ । निर्याततर्फ गतबर्ष ९८ अर्ब ७८ करोड ९२ लाख ४७ हजार रहेकोमा यसबर्ष ह्वात्तै बढेर एकखर्ब ४२ अर्ब एककरोड ८० लाख १६ हजार रुपैयाँ पुगेको पाइएको छ । नेपालले गर्ने द्विपक्षीय व्यापारमा अर्जेन्टिनासँग ५४ अर्ब ४३ करोड ८३ लाख ८७ हजार रुपैयाँ घाटा रहेको पाइएको छ । त्यसैगरी अष्ट्रेलियासँग पाँचअर्ब १५ करोड, **बाँकी ७ पेजमा**

# अख्तियारद्वारा बिभिन्न ब्यक्तिहरुमाथि भ्रष्टाचारमा कारवाही

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिभिन्न ब्यक्तिहरुमाथि भ्रष्टाचारमा कारवाही थालेको थाहाभएको छ । प्राप्त समाचारहरुअनुसार आयोगले गैरकानूनी सम्पत्ति आर्जनगरी भ्रष्टाचार गरेको मुद्धामा सरकारी साक्षीकारुपमा पेशभएका व्यक्तिविरुद्ध विशेष अदालत काठमाडौंमा गतसाता आरोपपत्र दायरगरेको छ । विशेष अदालतमा चलिरहेको रामबाबु महतो कोइरीविरुद्धको गैरकानूनी सम्पत्ति आर्जन मुद्धामा सरकारी साक्षी रहेका महोत्तरीको बर्दिवास नगरपालिका-६ का जीवराज पोखरेलले अदालतमा दिएको बयान पहिले आयोगमा दिएको बयानभन्दा फरक परेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभएको छ ।

आयोगका अनुसार जीवराज पोखरेलले आफ्नी श्रीमतीको नाममा रहेको धनुषाको हरिहरपुरस्थित जग्गा रामबाबु महतोकी श्रीमतीको नाममा बिक्रीगर्दा वास्तविक मूल्य लुकाएर कम रकम देखाइएको पुष्टिभएको छ । रजिष्ट्रेसनमा २५ लाख रुपैयाँ देखाइए पनि वास्तविक कारोबार ५२ लाख २३ हजार रुपैयाँ भएको प्रमाण फेलापरेको बताइन्छ । अनुसन्धानका क्रममा उक्त सम्पूर्ण रकम जीवराज पोखरेलको बैंक खातामा जम्माभएको देखिएपछि निजलाई शुरुमा सहयोगी साक्षीकारुपमा राखिएको थियो । तर अदालतमा बयान फेरेर सत्य कुरा नबोलेको पुष्टि भएपछि अख्तियारले पुनः अनुसन्धानगरी निजविरुद्ध मुद्धा दायर गरेको छ । आयोगकाअनुसार रजिष्ट्रेसनमा नदेखाइएको २७ लाख २३ हजार रुपैयाँ लुकाइछिपाई रामबाबु महतोले गैरकानूनी सम्पत्ति आर्जनगर्न सहयोग गरेको ठहर भएको छ । आयोगले जीवराज पोखरेललाई भ्रष्टाचार निवारण ऐन- २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरजन्य कार्यको मतियार भएर सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेकोहुँदा बिगो २७ लाख २३ हजार कायमगरी भ्रष्टाचार निवारण ऐन-०५९ को दफा २२ बमोजिम जरिवान र कैदको सजाय मागदाबी गरिएको छ । त्यसैगरी अर्को एक समाचारअनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी पूर्वअतिरिक्त सचिव डा. संगिता मिश्रसँग भ्रष्टाचारको मुद्धामा विशेष अदालतले पाँचलाख धरौटी मागगरेको छ । न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलालसले पाँचलाख धरौटी मागगरेको सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिनुभएको छ । गत कात्तिक दुईगते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले म्यामोग्राफी मेशिन खरिदमा ठूलो अनियमितता गरेको ठहरगर्दै स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. कौशल मिश्रसहित १४ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्धादर्ता गरेको थियो । उनीहरुले झुट्टा बिल-बिजक, गलत प्रतिवेदन र मिलेमतोका आधारमा राज्यलाई करिब १४ करोड छलाख ८५ हजार रुपैयाँभन्दा बढी हानी पुऱ्याएको अख्तियारको आरोप छ। मिश्रासहित स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाका तत्कालीन निर्देशक डा श्रवणकुमार थापा, वरिष्ठ स्वास्थ्य प्रशासक डा सुरेन्द्रप्रसाद चौरसिया, सेवा विभागका निर्देशक डा विवेकुमार लाल, तत्कालीन प्रमुख लेखा नियन्त्रक भुवनप्रसाद काफ्ले, विभागका कानून अधिकृत सिता घिमिरे, जनस्वास्थ्य अधिकृत दीपक अधिकारीविरुद्ध मुद्धादर्ता भएको थियो । त्यसैगरी तत्कालीन शाखा अधिकृत यादवप्रसाद सापकोटा, लेखा अधिकृत शम्भुप्रसाद ढकाल, लेखापाल तिलकराम ढकाल, विभागका बायोमेडिकल इन्जिनियर आशिष चौहान, पद्मा मिश्र, जनस्वास्थ्य निरीक्षक संजयकुमार साह, म्याक्सिम ईन्कर्पेरिशन ट्रेडर्स प्रालि तथा उक्त कम्पनीका मुख्यभई कार्यगर्ने सुन्दर भुसालविरुद्ध मुद्धादायर गरिएको बताइएको छ । त्यसैगरी अर्को एक समाचारअनुसार दार्चुलाको शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्टसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्धा दायर भएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेकाअनुसार आब ०७८/७९ मा नागार्जुन दानेश्वर आधुनिक बाख्रा फार्म निर्माणगर्दा सम्झौता बमोजिम नगरेको तथा वोयर जातका बोका, बाख्रा खरिदगरी वितरण गरेकोभनी झुट्टा बिल भरपाईका आधारमा भुक्तानी दिइ/लिइ भ्रष्टाचार गरेको आरोप लागेको छ । विष्ट र तत्कालीन लेखापाल घनश्याम जोशीविरुद्ध २३ लाख ७५ हजार रुपैयाँ भ्रष्टाचार मुद्धा दायर भएको छ । आयोगका अनुसार नगरपालिकाको कार्यपालिकाका तत्कालीन इन्जिनियर राजेन्द्र सिंह धामी, तत्कालीन सबास्-इन्जिनियर मदन विष्ट र तत्कालीन ना।प्रा।स। अम्बिका विष्टविरुद्ध ११ लाख २७ हजार ९१५ रुपैयाँ भ्रष्टाचार मुद्धा दायर भएको छ । त्यसैगरी शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वडानं. नौस्थित नागार्जुन दानेश्वर आधुनिक बाख्रा पालन उपभोक्ता समितिका अध्यक्ष रुपेश विष्ट, सचिव रुपेश विष्ट, सचिव प्रकाश विष्ट र कोषाध्यक्ष पुजा विष्टविरुद्ध २३ लाख ७५ हजार रुपैयाँ भ्रष्टाचार मुद्धा दायर भएको छ ।

भ्रष्टाचार निवारण ऐन-०५९ बमोजिम उनीहरुविरुद्ध सार्वजनिक संस्थाको सम्पत्ति बदनियतगरी हिनामिना, हानि नोक्सानी एवम् दुरुपयोग गरे/गराएको आरोपमा बिगो असुल हुन मागदाबी लिइ गतसाता विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ । त्यसैगरी बाँकेका तत्कालीन प्रमुख मालपोत अधिकृत ऋषिराम केसीसहित सात जनाविरुद्ध अख्तियारले गतसाता बिहीबार बिशेष अदालतमा मुद्धा दर्तागरेको छ । नेपाल सरकारको नाममा आउनुपर्ने साविक बेतहनी-४ क कित्ता नम्बरहरु २, ११ लगायतको जग्गाहरु गैरकानूनी ढंगले व्यक्तिको नाममा सिफारिस तथा निर्णय गरेको आरोपमा मुद्धा चलाइएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभएको छ ।

# समाचार विविध

## सहकारीको दर्ता खारेजगर्ने होड बढ्दो

काठमाडौं । सहकारीको दर्ता खारेजगर्ने होड बढ्दै गएको देखिएको छ । यसैक्रममा सहकारी रजिष्ट्रार कार्यालय पोखराले निष्क्रिय रहेका २६ सहकारीको दर्ताखारेज पनि गरेको छ । सो कार्यालयले गत आब ०८१/८२ मा १३ र चालु आर्थिक बर्षको गत पुससम्म १३ गरी कूल २६ सहकारी संस्थाको दर्ताखारेज गरेको थाहा भएको छ । दर्ता भएर सञ्चालनमा नरहेका अथवा दुई बर्षभन्दा बढी निष्क्रिय रहेका, लेखा परीक्षण नगरेका, साधारणसभा नगरेका, आर्थिक कारोबार नभएका र अब सञ्चालन हुनसक्ने स्थिति नभएका सहकारीको दर्ता खारेजी गरिएको सहकारी रजिष्ट्रार कार्यालय पोखराका रजिष्ट्रार भेषराज रिजालले बताउनुभएको छ । कार्यालयले स्याङ्जा, गोरखा, तनहुँ, कास्की, म्याग्दी, लमजुङ, बागलुङ र पर्वतका निष्क्रिय सहकारीको दर्ता खारेज गरेको हो । दर्ता खारेज हुनेमा सबैभन्दा धेरै सहकारी स्याङ्जा जिल्लाका रहेका छन् । स्याङ्जामा आठवटा सहकारीको दर्ता खारेज भएको छ । स्याङ्जाका आठवटै सहकारी चालु आर्थिक बर्षमा दर्ता खारेज भएका उहाँले जानकारी दिनुभयो । सहकारी रजिष्ट्रार रिजालकाअनुसार गोरखामा छ, तनहुँमा चार, कास्कीमा तीन, म्याग्दीमा दुई, लमजुङ, बागलुङ र पर्वतमा समान एक/एकवटा सहकारीको दर्ता खारेज भएको छ । दर्ताखारेज हुने सहकारीमा बहुउद्देश्यीय, बचत तथा ऋण, कृषि, उपभोक्ता, सूचना तथा सञ्चार, बिद्युत, मौरीपालन, अदुवा उत्पादनका क्षेत्रमा कामगर्ने उद्देश्यसहित स्थापना गरिएका सहकारी छन् । उहाँले सहकारीको दर्ता खारेजका लागि सातवटाको प्रक्रिया पूराभएको छ । बाँकी १० सहकारी दर्ता खारेजीको थप प्रक्रियामा रहेका छन्, दर्ता खारेज हुनेक्रम अझै बढ्छ भन्नुभएको छ । सहकारी रजिष्ट्रार कार्यालय पोखरामा हाल ८९० वटा सहकारी रहेका छन् । यसमध्ये ५८८ सहकारी अद्यावधिक भएर सञ्चालनमा रहेका छन् । ३०२ सहकारी निष्क्रिय छन् । सहकारीसंग जोडिएका बिभिन्न विषयगत संघ तथा सहकारी संस्था निष्क्रिय रहेका हुन् । ती निष्क्रिय रहेका संघ तथा सहकारीमध्ये सो जिल्लामा मात्रै ५० निष्क्रिय रहेका छन् । यता काठमाडौं महानगरपालिकाले आफ्नो कार्यक्षेत्रमा सञ्चालनमा रहेको सहकारीलाई वार्षिक साधारणसभा प्रतिवेदन नबुझाएसम्म खारेजीको अनुमति नदिने जनाएको छ । हाल कामपामा करिब एकहजार ९०० सहकारी सञ्चालनमा छन् । ती सहकारी संस्थालाई तत्काल वार्षिक साधारणसभा सम्पन्नगरी लेखापरीक्षण प्रतिवेदन साधारणसभाको निर्णय तथा वार्षिक प्रतिवेदन कामपा सहकारी विभागमा बुझाउन यसअघि निर्देशन दिइसकेको छ । कामपा सहकारी विभाग प्रमुख महेशकुमार काफ्लेकाअनुसार लामो समयदेखि साधारणसभा प्रतिवेदन नबुझाएका सहकारीलाई खोरेजीको प्रक्रियामा लैजाँदा बचतकर्ताको रकम हिनामिना हुनेभएकाले महानगरले पहिले प्रतिवेदन त्यसपछिमात्रै खारेजी प्रक्रिया अघिबढाउने भएको हो । खारेजीको प्रक्रियामा आउने कुनैपनि सहकारीले सबैभन्दा पहिले उक्त सहकारीमा रकम बचतगर्ने बचतकर्ताको यकिन हुनुपर्ने, आर्थिक कारोबार पनि एकीन हुनुपर्ने जनाइएको छ ।

## निर्वाचनमा चोरी शिकारी बढ्न सक्ने

काठमाडौं । आगामी फागुन २१ गते हुने भनिएको निर्वाचन नजिकिँदै जाँदा चितवन राष्ट्रिय निकुञ्जभित्र चोरी शिकारी हुनसक्ने आशंकाले उच्च सतर्कता बढाएको थाहाभएको छ । निर्वाचनका समयमा नयाँ मानिसहरुको आवत-जावत बढ्ने र चोरी शिकारी हुनसक्ने भएकाले उच्च सतर्कता अपनाइएको हो । निकुञ्जका सूचना अधिकारी अविनास थापामगरकाअनुसार अहिले स्थानीय, सरोकारवाला निकायहरुसँगको सहकार्यमा सुरक्षा व्यवस्था मिलाइएको छ । निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेना, निकुञ्ज प्रशासनले आन्तरिक तथा बाह्य सुरक्षाको व्यवस्था गरेको छ । निर्वाचन लागेपछि चोरी शिकारीको खतरा बढ्ने भएकाले निकुञ्जले त्यहीअनुसार व्यवस्थापन गरेको उहाँले बताउनुभयो । निकुञ्ज क्षेत्रको कोर इलाकाभित्र र मध्यवर्ती एवं आसपासका क्षेत्रमा सुरक्षा व्यवस्था बलियो बनाइएको छ । उहाँकाअनुसार चोरी शिकारी नियन्त्रण युवा जागरण अभियान, मध्यवर्ती सामुदायिक वनका पदाधिकारी तथा कर्मचारी र स्थानीयलाई निर्वाचनको समयमा सजग हुन आग्रह गरिएको छ । उहाँले प्रतिनिधिसभा निर्वाचनको समयमा निकुञ्ज सुरक्षाका लागि हामी तयार छौं भन्नुभएको छ । निकुञ्जभित्र र आसपासका क्षेत्रमा गस्ती बढाउने, एम्बुसिङ, स्विमिङलगायत कामलाई निरन्तर कायम राखिने छ । ९५२.६३ वर्ग किलोमिटरमा फैलिएको निकुञ्जमा २२ वटा मध्यवर्ती उपभोक्ता समिति छन् । निकुञ्जभित्र स्थायी ५७ वटा र अस्थायी तीनवटा पोष्ट छन् । उहाँले सबै पोष्टलाई उच्च सतर्कमा रहन भनिएको छ । कर्मचारी पनि सोहीअनुसार परिचालन गरिएको बताउनु भएको छ । निर्वाचनको समयमा नकारात्मक शोच राखेका व्यक्ति सलवलाउन सक्ने भएकाले सबै उपभोक्तासहितले आ-आफ्नो ठाउँबाट चनाखो भएर काम गरेको उहाँले बताउनुभएको छ । उहाँले चोरी शिकारी हुनसक्छ किभनेर निगरानी बढाइएको छ । चनाखो रहन सबै उपभोक्तालाई आग्रह गरिएको छ भन्नुभयो । उपभोक्ता समितिहरु वन्यजन्तु संरक्षणका लागि सधैं एकभएर कामगर्दै आएको उहाँको भनाइ छ । अहिले निकुञ्ज क्षेत्रमा रहेका मध्यवर्ती उपभोक्ता समितिहरुको निर्वाचन पनि भइराखेकाले केही बढी सक्रियता बढेको छभने संरक्षण शिक्षाकाबारेमा पनि ज्ञान दिइँदैआएको छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तले निर्वाचनको समयमा सबैको ध्यान निर्बाचनतर्फ केन्द्रितहुँदा चोरीशिकार हुनसक्ने भएकाले पूर्वतयारीस्वरुप कड्याइकासाथ काम गरिएको बताउनु भएको छ ।

## परिसंघ नेपालको अध्यक्षमा श्रेष्ठ

काठमाडौं । बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल सिबिफिनको अध्यक्षमा हिमालयन बैंकका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको हो । परिसंघका कार्यवाहक अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा बसेको कार्यसमितिको १५औं बैठकले श्रेष्ठलाई अध्यक्षकारुपमा चयन गरेको सिबिफिनका महानिर्देशक महानिर्देशक रोशन कोइरालाले जानकारी दिनुभएको छ । निर्वतमान अध्यक्ष उपेन्द्र पौडेल नबिल बैंकको गत पुसमा सम्पन्न साधारणसभाबाट सञ्चालक समितिका रुपमा नरहेपछि उक्त पद रिक्त भएको थियो । सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी वा सदस्य निजले प्रतिनिधित्वगर्ने बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट बहिर्गमन भएसँगै सिबिफिन कार्यसमितिमा बहाल पद स्वतः समाप्त हुने व्यवस्था छ । नेपाली बैंकिङ क्षेत्रमा दुईदशकभन्दा बढी समयदेखि क्रियाशील रहँदै आउनुभएका श्रेष्ठ **बाँकी ८ पेजमा**

## साम्राज्यवाद...

निर्लज्जरुपमा उनको पक्षमा खडा भएका छन्। अझ बिशेष कुरा त के भने ट्रम्पको यस भेनेजुएलामाथि भएको आक्रमण र अतिक्रमणको संयुक्त राज्य अमेरिकामा नै सबैभन्दा बढी बिरोध र भर्त्सना भइरहेको छ। त्यहाँ बिरोधमा बिशाल जुलुश र बिरोध सभाहरु भइरहेका छन्। ।मदुरो दम्पत्तिलाई तुरुन्त बिनाशर्त रिहागर्न माग गरिरहेका छन्। भेनेजुएलामा पनि यसको घोर बिरोध भइरहेको छ। विश्वमा यूरोप, एशिया, अष्ट्रेलिया तथा अफ्रिका प्रायः सबै भागमा अमेरिकी साम्राज्यवादले गरेको नाङ्गो आक्रमणको तीब्र नन्दा र भर्त्सना भएको छ। अहिले भेनेजुएलाकी कार्यबाहक राष्ट्रपति डेल्सी रोड्रोजले दुइतर्फी चाल चलेको जस्तो देखिदैछ। एकातिर न उनले भेनेजुएलाका जनतालाई शान्त तुल्याउनका निम्ति उग्र बक्तव्यबाजी पनि गरिरहेकी छन् भने अर्कोतिर अमेरिकी साम्राज्यवादीसँग लुकीछिपी सुलह सम्झौता पनि गरिरहेकी छन्। उनले अमेरिकी साम्राज्यवादीका कयौं मागहरु स्वीकार गरेको पनि देखिदैछ ।उनले बिपक्षी राजनीतिक नेताहरुदेखि लिएर कयौं एनजीओ आईएनजीओका कर्ताधर्ता र अभियन्ताहरुलाई समेत जेलबाट रिहा गरिरहेकी छन्। भेनेजुएलाकी जुन नेता मारिया कारीना मचाडोलाई शान्ति नोबेल पुरष्कार प्राप्त भएको थियो उनलाई ट्रम्पले एकजना प्यादाकारुपमा प्रयोग गऱ्योभने अब अमेरिकाले उनलाई भेनेजुएलाकी एउटी कठपुतली शासक बन्न पनि लायक मानिरहेको छैन। मचाडोको कठपुतली शासन बन्न पनि अमेरिकाको सहयोग बिना सम्भब छैन। त्यसले उनले पाएको नोबल पुरष्कारको पदक समेत उनले ट्रम्पलाई सुम्पिएर समर्थन लिन खोजेको देखिदैछ। यतिबेला भेनेजुएली समाजमा ब्यापकरुपमा बर्गीय तथा सामाजिक अन्तरबिरोध चर्किएको तनाब पूर्ण स्थिति छ। हुन त ह्यूगो चाभेज, निकोलस मदुरो र अहिलेकी रोड्रीगेज शासक बर्गको त्यस हिस्साको प्रतिनिधित्व गरेको मानिन्छ जसले भेनेजुएलालाई अमेरिकी साम्राज्यवादको छायाबाट मुक्तगर्न आफ्नो देशको महत्वपूर्ण तेल सम्पदाको बलमा आफ्नो राष्ट्रिय हितलाई सबल तुल्याउन चाहन्छन्। ती नेताहरुले आफ्नो जनाधार कायम राख्नका लागि समेत कतिपय कल्याणकारी योजनाहरु लागूगरेको र अमेरिकी साम्राज्यवादको दादा गिरिएको बिरोध गरेको पनि देखिदै आएको हो। तर उनीहरुको बिपक्षमा रहेको भेनेजुएलाको दक्षिणपन्थी शासक बर्ग भने अमेरिकाको पुरै समर्थक रहँदैआएको छ। चाभेज र मधुरोको समयमा त्यो दक्षिणपन्थी शक्तिका राजनीतिक तथा सामाजिक शाख निकै कमजोर रहेको पनि देखिएको हो। त्यसैले अमेरिकाले पडयन्त्रकारी किसिमले पनि ती आफ्ना कठपुतलीलाई शासन सत्तामा बसाउनु पाएन। त्यसैले उसले सिधैतयस् र नाङ्गै सैनिक हस्तक्षेप गरेर भेनेजुएलाको स्वाधीनता, स्वतन्त्रता र सार्बभौमिकताको बलात्कार गरेर मधुरो र उनकी पत्नीलाई अपहरण गर्दै आफ्नो षडयन्त्र पूरागर्न पुग्यो। वास्तवमा भेनेजुएलाको श्रमजीवी बर्ग साम्राज्यवाद र साम्राज्यवाद परस्त दक्षिणपन्थी देशी बिदेशी प्रतिकृयावादी शक्तिको चंगुलमा फस्ने खतरा फेरि पनि यसरी कायम रहेकै छ। बिशाल तेल भण्डार अन्य बहुमूल्य खनिज सम्पदाको धनी हुदाहुँदै पनि त्यहाँको सर्बसाधारण जनताको जीवनमा अपेक्षाकृत बढोत्तरी हुननसकेको स्थिति छ। गरीबी, बेरोजगारी, अभाव र महँगीले त्यहाँको जनजीवन आक्रान्तनै रहेको छ। अमेरिकाले त्यहाँको खनिज भण्डार कब्जा गरिसके पछि त्यहाँका सर्ब साधारण जनताको जीवन अझ नाजुक र नारकीय हुने खतरा बढिरहेको छ। त्यसैले साम्राज्यवाद र स्थानीय प्रतिकृयावाद दलाल पूँजीवादका बिरुद्ध जनता सशक्त संयुक्त आन्दोलनमा उत्रिनु बाहेक अरु कुनै बिकल्प त्यहाँ छैन। भेने जुएलाको स्वाधीनता र स्वतन्त्रता जोगाउन र शतत रक्षागर्ने उपाय यो बाहेक अर्को छैन। बिसौं शताब्दीको त्यहाँको इतिहास अमेरिकी साम्राज्यवादको हमला र कब्जाको इतिहास भए पनि अमेरिकाले पटक, पटक ठूलो हार खानुपरेको र भाग्नु परेको इतिहास पनि जीवन्त छ। भियतनामले एक पटक अमेरिकालाई राम्रैसँग लखेटेर विश्व साम्राज्यवादको पराजय विश्वलाई देखाइदिएको थियो। त्यसले कुनैपनि देशका श्रमजीवी जनता खाशगरी मजदुर किसान अन्य सबै श्रमजीवी जनता सचेत, संगठित र सही किसिमले संघर्षशील बन्छन्भने तिनले आफ्नो राष्ट्र र आफ्नो रक्षा र समुन्नतिका लागि अपूर्ब भूमिका खेल्न सक्दछन् भन्ने कुराको साक्षी इतिहास पटक पटक बनेको छ ।जनताले हार खाए पनि उनीहरु अन्तिमसम्म लड्छन् तर हार मान्दैनन् भन्ने कुरा विश्वमा बिभिन्न देशका जनताको संघर्षले दर्शाएको छ। अब उत्पीडित भेनेजुएला र त्यहाँका श्रमजीबी जनताले पनि जसरी विश्वभरीका जनताको सहानुभूति र समर्थन पाइरहेका छन् अबश्य बिजय प्राप्त गरिछाड्ने छन् र साम्राज्यवादलाई परास्त गर्ने र लखेट्ने छन्भन्ने विश्वासगर्न सकिन्छ। (लेखक : नेकपाका संयोजक हुनुहुन्छ। )

## कम्पनीको....

कयौ ब्यक्तिहरुले सहादत प्राप्त गरेभने अझै पनि सयौं ब्यक्तिहरु अस्पत्तालमा छटपटिइरहेका छन्। आगामी फागुन २१ गते चुनावको लागि सम्बन्धित निकाय र राजनीतिक दलहरु पनि तयार रहेको अवस्था भएपनि अझै चुनाव हुने/नहुने सुनिश्चित भने देखिदैन। तथापी नयाँ राजनीतिक दलहरुले बहुमत ल्याउने चर्चा परिचर्चा सामाजिक सञ्जालमा भएसँगै पार्टी एकीकरण गरिएता पनि असली रुपमा राष्ट्रियताको मामलामा जस्तै एमसीसी, सीमा विवाद, जातीय तथा धार्मिक दंगा, चोरी डकैती आदि मुद्धावारे सवै पक्षहरु एक भएर अगाडि बढिएनभने शक्ति राष्ट्रहरुले खनिज पदार्थ लैजाने तथा विपरित राजनीतिक भिजन भएका बिभिन्न राष्ट्रहरुलाई बैचारिक तथा युद्ध रणनीतिमा पछि पार्ने दाउमा ढाडमा टेकेर टाउकामा बन्दुक हान्ने स्वार्थी भावनाले ओतप्रोत हुने सम्भावनालाई नकार्न सकिदैन। र, अवको विश्वमा शक्ति राष्ट्रहरुले गरिब राष्ट्रहरुमाथि स्वार्थ लादेर संयुक्त राष्ट्र संघको बडापत्रमा उल्लेखित सिद्धान्तहरु विपरित कार्यगर्दै जाने होभने गरिब राष्ट्रहरुको स्वतन्त्र अस्तित्वको प्रश्न अवश्य पनि खडा हुनेछ। जुन कुरा नेपालको गत भदौमा भएको विना हतियारको आन्दोलन र भियतनाममा गरिएको अमेरिकी सैन्य आक्रमण तथा एक सार्वभौमसत्ता सम्पन्न राष्ट्रको राष्ट्रप्रमुखको अपहरण कार्यले पनि प्रष्ट हुन्छ। यसको लागि भियतनाममा अहिले सारा जनता उक्त कार्य विपरित सडकमा विरोध र्‍यालीको लागि दैनिक निस्किरहेका छन्भने नेपालमा पनि अप्रत्यक्षरुपमा चर्को विरोध हुँदैआइरहेको छ। यसर्थमा निचोडमा के भन्न सकिन्छभने कुनै पनि राष्ट्र भूगोलमा सानो या ठूलो होस्, धनी या गरिब होस् तथापी सवैले स्वतन्त्ररुपमा राजनीतिक, सामाजिक, आर्थिक तथा धार्मिक मान्यता कायम राखी त्यहाँका नागरिकहरुले सार्वभौमसत्ता सम्पन्न राष्ट्रकारुपमा बाँच्न पाउने अधिकारको हनन् हुनुहुँदैन भन्ने कुराको ज्ञान सवै राष्ट्रलाई हुनु जरुरी छ। यसको लागि सम्बन्धित देशका नागरिक तथा राजनीतिकर्मीहरु पनि सत्ता, शक्ति र धनको लोभले विदेशीहरुको गुलामी बन्नु हुँदैन। जुन देशका नागरिक तथा नेताहरुले लोभ र शक्ति मोहमा परी देशको अस्तित्वलाई नै बन्दक राखी विदेशी शक्तिहरुसमक्ष झुक्छन् सम्झिनुहोस् उक्त देशका नागरिकहरु आखिर अन्तमा पराधिनताको शिकार हुन बाध्य हुनुपर्दछ। र, अहिले देखिएका नयाँ तथा पुराना राजनीतिक दलका केही पात्रहरु स्वार्थको भूमरीमा दाउपेच खेल्ने जमर्को गर्दैछन्। केही दिन अगाडि नेपालका केही राष्ट्रवादी भनिने नेताहरुको दिल्लीमा लर्को लाग्नु, स्वयं पूर्वराजा ज्ञानेन्द्र पनि दिल्ली जानुजस्ता घटनाबाट झस्केर पश्चिमाहरुकै लहलहैमा लागेर यहि पुष २५ देखि ३० सम्म नेपाली काँग्रेसको विशेष महाधिवेशन हुनु र त्यसबाट गगन तथा विश्वप्रकाशजस्ता नेताहरु नेतृत्वमा आउनु आदि घटनाहरुले गर्दा नेपालको राजनीति अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुद्वारा सञ्चालित हुन्छ भन्ने कुराको स्पष्टता पाउन सकिन्छ। यसपालीभने देउवा दम्पतीलाई पश्चिमाहरुले किन चाहेनन्भन्ने कुरा पनि विगतको सरकार सञ्चालनमा केपी ओली अर्थात् वामपन्थीहरुसँगको सहकार्यमा जोड दिएर पनि हुनसक्ने आंकलन गरिएको छ। यसरी नयाँ शक्तिकारुपमा रबीको दल उदाउनु, उनलाई सहकारी काण्डबाट जेलमुक्त गराउनु, लगत्तै महान्याधिवक्ताको कार्यालयबाट सम्पती शुद्धीकरणको मुद्धा फिर्ता लिन लगाउनुजस्ता घटनाहरुले पनि विदेशीहरुले नेपालमा चाहेको कुरा सवै हुन्छभन्ने कुराको चर्चा ब्यापक भएको छ। आज राष्ट्रिय स्वाधिनताको लागि सवैजना होशियार हुनु जरुरी छ। तसर्थ आगामी फागुन २१ गते आम निर्वाचन घोषणा गरिएको छ र जनतामा पुराना दलहरुप्रतिको वितृष्णा बुढा नेताहरुको एकलौटी दादागिरी पाटीमा चल्यो भन्ने भावना एकातिर छभने अर्कोतिर नयाँ दलहरु एकआपसमा सहकार्यका लागि पार्टी एकीकरण गर्दैगरेको अवस्था छ तर रास्वपासँग पार्टी एकीकरण गरेको केही दिनमा कूलमानको उज्यालो नेपाल पार्टी वाहिरिएको छ। आखिर रोग त पुरानाकै सरेको भनेर ब्यापक चर्चा गरिएको छ। यसर्थमा पनि नेपाली जनताले के बुझ्न जरुरी छभने अवको चुनावको न्याय तपाइहरुकै हातमा छ र विशेष दल र पार्टीभन्दा पनि जुन ब्यक्ति या पाटीले नेपाल देशको लागि लडेको छ र नेपालको सार्वभौम अधिकारको रक्षा तथा विकासको लागि देन दिएको छ त्यसतर्फ ध्यानदिन जरुरी छ। अन्यथा सीमा विवाद, एमसीसी परियोजनाको दीर्घकालिन परिणाम, बिभिन्न देशबाट सञ्चालित विविध फाउण्डेसनहरुको चलखेल, त्यसमा सञ्चालित मतियारहरुवारे जानकारी प्राप्त हुँदाहुँदै पनि अबुझ भइयोभने पछि पक्कै पनि भारी ऋण र विदेशी सेनाको बुठ बजारिन सक्ने परिणामवारे समयमा नै सचेत हुनु जरुरी छ। अवको निकाश भनेकै राष्ट्रियताको मामलामा जुन दल या ब्यक्तिहरु सक्रियरुपमा लागि परेका छन् तिनीहरुलाई नै सत्ताको साँचो सुम्पिने जिम्मा नेपाली जनताले बुझ्नु पर्दछ। अन्यथा इण्डो पश्चिमाजस्ता शक्तिसाली राष्ट्रहरुले नेपालजस्ता गरिब देशहरुलाई हत्केलाको खेलौना बनाएर राखिरहने छन् र खेलाडीहरु यही माटोमा निर्माणगर्ने गरेकाले उक्त रणनीतिबाट पनि सचेत नेपालीले खवरदारगर्ने वेला आएको छ।

## नेपालको....

सोअनुसार जनताको मत आफ्नो पक्षमापार्न दलका नेताहरु आफ्नो पार्टीका बिभिन्न समितिका सुझावसहित विषयविज्ञसमेतलाई राखेर घोषणापत्र तयारगर्न गृहकार्यमा लाग्नुपर्ने थियो। भ्रष्टाचार नियन्त्रण, सुशासन, संविधानको संशोधन, देशमै रोजगारीलगायतका मुद्धाहरु केन्द्रमा राखेर दलहरुले घोषणापत्र ल्याउनुपर्ने अवस्था छ। अब निर्वाचन आउन करिव डेड महिनाको अवधीमात्र बाँकी रहेको छ। यस्तो अवस्थामा बिभिन्न दलहरु बल्ल घोषणापत्र तयारगर्ने प्रयासमा लागेको देखिएको छ। ०७९ को आम निर्वाचनमासमेत अन्तिम अवस्थामा त्यो पनि बल्ल तल्ल घोषणापत्रहरु बाहिर आएका थिए। निर्वाचन सम्पन्न भएर बिभिन्न पदमा पुगेपछि उनीहरुले आफ्नो घोषणपत्रलाई नै बिर्सिएका थिए। (नेपालमा पुराना मानिएका दलहरु नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दल यसअघिका निर्वाचनमाभन्दा फरक खालको घोषणापत्र ल्याउनुपर्ने चुनौतीमा रहेका देखिन्छन्। त्यसैले उनीहरुले ०७९ को निर्वाचनकाक्रममा गरेको प्रतिबद्धतालाई बिर्सिएका छन्। जसलेगर्दा संसदीय राजनीतिप्रति जनतामा बितृष्णा बढाउने काम गरेको छ। नेपालमा पहिले बिद्यमान ०७२ को संविधान र त्यसअनुसार स्थापना गराइएको राजनीतिक व्यवस्थामा आमूल परिवर्तन गरेरमात्र नयाँ निर्वाचनमा जानुपर्ने अवस्था रहेको छ। त्यसैले देशको समग्र राजनीतिको समीषा आजको प्रमुख आवश्यकता भएको छ।

## बिचार...

सकेन। गठबन्धनका कारणले स्थान विशेषमा प्रभाव भएका दलले गठबन्धनका साझेदार बनेका कुनै अमूक दललाई भागबण्डा गर्नुपर्ने भयो। जसलेगर्दा गठबन्धनका दलहरुको आन्तरिक जीवनमा समेत तिक्तता आएको देखियो। हरेक दलभित्र अर्को दलसँग गठबन्धनगर्दा आफ्नो दल झन् कमजोर भएको मूल्यांकन हुनथालेको थियो। गत भदौको जेनजी आन्दोलनपछि पहिलो पटक झापा पुग्नुभएका एमालेका अध्यक्ष केपी ओलीले निर्वाचनमा एक्लै लड्ने घोषणा गर्नुभएको छ। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले पनि निर्वाचनमा एकल प्रतिस्पर्धागर्न नेकपा सक्षम रहेको बताउने गर्नुभएको छ। रास्वपा सभापति रवि लामिछानेको भनाई पनि त्यस्तै सुनिन्छ। निर्वाचनमा एक्लाएक्लै प्रतिस्पर्धागर्दा आफ्नो पार्टी संगठन चलायमान हुने धेरैले अनुभव गरेको देखिएको छ। उक्त अनुभव राम्रो भएपनि ब्यवहारमा त्यस्तो देखिएको छैन। राजनीतिमा बिचार पक्ष पहिलो हो। बिचारका आधारमा हुने गठबन्धन र सहकार्यले मात्र उपलब्धी दिनसक्छभन्ने कुरा नेपालका बिभिन्न समयमा बिभिन्न घटनाक्रमहरुले स्पष्ट गरेका छन्।

## लोप....

भुज्या मूल्या, बूढी र चलाख स्याल, बूढाबूढी, भोगे राकस, मधुमालती, सर समिर, देवाबेटी, हिरालाल, राजा रतन सिंह, दुधलाला, कलसा र रस्वाकोषेडीका सात चेला जस्ता पात्र र कथाहरु निकै प्रचलनमा थिए। कथाको बीचमा गाउँखाने कथा पनि भन्ने गरिन्थ्यो। गाउँखाने कथाको जवाफ नदिएपछि गाउँ दिनुपर्दथ्यो। त्यसपछि मात्रै त्यसको उत्तर दिने गरिन्थ्यो। पहाडबाट सुविधा र सहजता खोज्दै तराई झर्ने क्रमसँगै यी कथाहरु पनि भौगोलिक बसाइँसराइको चपेटामा परेर ओझेलमा परे। ६७ वर्षीय जयबहादुर ऐरको अनुभवमा अहिले ती कथा पहिलाजस्तो करगर्नेहरु पनि छैनन् र सुनाउने बूढापाकाहरु पनि बाँकी रहेनन्। ऐर कथा भन्नेहरुले यति रोमाञ्चक र सुरिलो भाखामा कथाको बीचमा गीतहरु गाउँदै प्रस्तुति दिन्थेकि सुन्नेहरु मन्त्रमुग्ध भएर रात बितेको पत्तैपाउँदैनथे भन्नुहुन्छ। तराईमा पहिला मकै धेरै लगाउने चलन थियो तर अहिले आधुनिक र हाइब्रिड जातको बढी प्रतिफल दिने अन्य खेती हुनथालेपछि पुरानो मकै खेतीसँगै त्यसबेलाका लोक संस्कृतिहरु पनि हराउँदै गएका छन्। भदौ-असोजको महिना मकै तोडेर घरमा भित्र्याउने बेला थारु समुदायमा मकैको खोष्टा र दाना छुट्टाउने कार्य रातिको समयमा गरिन्थ्यो, जुन समयलाई सदुपयोगगर्दै बूढापाकाहरुबाट कथा सुन्ने सुनाउने गरिन्थो। स्थानीय नरेन्द्रप्रसाद चौधरीका मर्मस्पर्शी शब्दहरुमा भन्नुपर्दा मकै छुट्टाउने शारीरिक श्रमसँगै रातभरि कथा भनिदा कामको थकाइ कतिखेर मेटिन्थ्यो, पत्तै हुँदैनथ्यो। कहिलेकाहीं त एउटै कथा रातभरभन्दा पनि सकिँदैनथ्यो र बीचमा भावुक गीतहरु गाउँदै कथा भन्नेहरुबीच दोहोरी नै चल्दथ्यो। रानी सरंगा, हितुवा राजा, सतलसिंह राजा, बेंगटुरिया रानी, फूल जोख्नी, र बढैया और लुहारजस्ता कथाहरु सुन्न मानिसहरुमा जुन कौतुहलता र उत्साह हुन्थ्यो, त्यो आजको कुनै पनि महँगो चलचित्रले दिन नसक्ने चौधरीले बताउनुभयो। स्थानीय वीरबहादुर चौधरी भावुकहुँदै भन्नुहुन्छ-त्यसबेलाको समय र परिवेश नै बेग्लै थियो, मानिसमा आत्मीयता थियो, अहिले न त सुनाउनेहरु रहे, न त नयाँ पुस्तामा आफ्नो पुर्खाको इतिहास सुन्ने चासो नै रह्यो। अलिखित र केवल मौखिक स्मृतिमा रहेका यी कथाहरु बूढापाकाहरु अस्ताएसँगै सदाका लागि लोपहुँदै गएको उहाँ उल्लेख गर्नुहुन्छ। राना थारु समुदायमा पनि यो कथा वाचनको चलन पूर्णरुपमा हराउँदै गएकामा शुक्लाफाँटा नगरपालिका-६ कसरौलका निवर्तमान वडाध्यक्ष जगता राना चिन्ता व्यक्त गर्नुहुन्छ। उहाँका अनुसार यी कथाहरुले केवल मनोरञ्जन मात्र दिँदैनथे, बरु सामाजिक मेलमिलाप, नैतिकता र खराब कामको नतिजा नराम्रो र राम्रो कामको नतिजा सधैँ सुखद् हुन्छभन्ने गहिरो पाठ सिकाउँथे। त्यसैको प्रभावले गर्दा गाउँमा चोरीचकारी र झगडा कम हुन्थ्यो र विकासका काममा मानिसहरु स्वतःस्फूर्त श्रमदानगर्न तयार हुन्थे। पहिले खेतमा धानको रोपाइँ सकिएपछि जब मानिसहरु फुर्सदिला बन्थे, राना थारु गाउँका कुनै एक भलमन्सा वा मानिएको व्यक्तिको घरमा साँझपख भेलाभएर कथा सुन्ने एउटा संस्कारनै थियो। सबैले आ-आफ्नो घरबाट चारपाई अर्थात् खटिया बोकेर ल्याउँथे र आँगनमा लहरै बिछ्याएर बस्दथे। कथा भन्ने व्यक्तिलाई चारैतिरबाट घेरेर सुन्ने र पालैपालो हुक्का तान्दै छलफल गर्ने त्यो मौलिक र आत्मीय दृश्य अब एकादेशको कथा जस्तै भइसकेको कसरौल गाउँका भलमन्सा रामकिसन रानाले बताउनुभयो। उहाँले कथाभन्दा गीतसँगै त्यसको अर्थ र जीवनदर्शन पनि लगाइन्थ्यो, जसलेगर्दा अनपढ मानिसहरु पनि जीवन र जगतका बारेमा ज्ञानी हुन्थे। राना थारु समुदायमा चाँदाको कहानी, घन्नैको कहानी, जिवालडौतीको कहानी, सदा सुरखा, र उपदेउको गउनुजस्ता कथा र लामा दास्तानहरु निकै प्रचलित थिए, जसले मानिसलाई धैर्यवान र धार्मिक बनाउँथ्यो भन्नुभयो। भलमन्सा रानाको एउटै गुनासो छ-कथा सुनाउने पुर्खाहरु आफ्ना कथाका पात्रहरुझैँ इतिहासका पानामा बिलाएर स्वर्ग गइसके र उहाँहरुसँगै ती अमूल्य कथाहरु पनि सधैँका लागि विलिन भए। मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणहुँदै आएका यी अलिखित सम्पदाहरु अहिलेको इन्टरनेटको गति र रेडियो-टेलिभिजनको रौनकमा कतै नभेटिनेगरी हराएका छन्। लोककथाहरु सुदूरपश्चिमको भूगोल, पहिचान र सभ्यताका असली संवाहकका रुपमा रहेका छन्। यी कथाहरुलाई डोटेली र थारु भाषामै संकलनगरी पुस्तक, अडियो र भिडियोका रुपमा डिजिटल अभिलेखीकरण गर्नु आजको राज्य र नागरिक समाजको अनिवार्य दायित्व हो। विद्यालयको स्थानीय पाठ्यक्रममा यी कथाहरुलाई समावेश गरेर नयाँ पुस्तालाई आफ्नै पुर्खाको गौरवशाली इतिहाससँग परिचित गराउनु पर्ने सुदूरपश्चिमको संस्कृतिलाई नजिकबाट नियाल्दै आउनुभएका ईश्वर सुनार बताउनुहुन्छ। उहाँ आधुनिक प्रविधि र माध्यमहरुलाई प्रयोग गरेर यी प्राचीन ज्ञान र कथालाई नयाँ ढाँचामा प्रस्तुत गर्न सके मात्र हाम्रा मौलिक पहिचानहरु जोगिन सक्छन्। लोककथा केवल विगतको सम्झना मात्र होइन, बरु यो त सुदूरपश्चिमी पहिचानको मेरुदण्ड हो, यदि आज हामीले हाम्रा पुर्खाहरुको यो अमूल्य मौखिक सम्पदालाई जोगाउन सकेनौँ भने भोलिको पुस्ताले आफ्नै देश र संस्कृतिको कथा सुन्न र भन्नबाट सधैँका लागि वञ्चित हुनुपर्नेछ, हाम्रो पहिचान इतिहासको धमिलो पानामामात्र सीमित रहनेछ भन्नुहुन्छ। रासस

## नेपालको....

अष्ट्रियासँग छकरोड ४७ लाख ८८ हजार, अजरबैजानसँग नौलाख छहजार, बहरेनसँग २१ करोड ६८ लाख घाटा रहेको छ। नेपालले छिमेकी देश बंगलादेशसँगको व्यापारमासमेत दुईअर्ब ८२ करोड बढी घाटा व्यहोरेको तथ्यांकले देखाएको छ। धेरै घाटा व्यहोरेकामध्ये ब्राजिलसँग पाँचअर्ब बढी, ब्रुनाई डेरुसेलमसँग चारअर्ब ५७ करोड बढी, क्यानडासँग तीनअर्ब ३८ करोड बढी, फ्रान्ससँग तीनअर्ब ३४ करोड बढी, हङकङसँग तीनअर्ब नौकरोड बढी, भारतसँग चार खर्ब १६ अर्ब बढी घाटा रहेको देखिन्छ। उक्तबाहेक इन्डोनेसियासँग नौअर्ब ८१ करोड बढी नेपालले व्यापारघाटा व्यहोरेको छ। इजरायलसँग एकअर्ब १२ करोड बढी, इटालीसँग एकअर्ब ७४ करोड बढी, जापानसँग तीनअर्ब ११ करोड बढी, दक्षिण कोरियासँग दुई अर्ब ६४ करोड बढी, मलेसियासँग पाँचअर्ब ९४ करोड बढी, नट स्पेसिफाइड देशसँग दुईअर्ब १९ करोड बढी घाटा देखिएको छ। त्यसैगरी पाराग्वेसँग एकअर्ब ४७ करोड बढी, कतारसँग तीन अर्ब १४ करोड बढी, रुससँग एकअर्ब ९७ करोड बढी, साउदी अरेबियासँग दुई अर्ब ८४ करोड बढी, सिंगापुरसँग दुई अर्ब ५४ करोड बढी, थाइल्यान्डसँग नौअर्ब १० करोड बढी, युद्धरत युक्रेनसँग चार अर्ब ४० करोड बढी, संयुक्त अरब इमिरेट्स (यूएई)सँग ३० अर्ब ८७ करोड बढी, अमेरिकासँग तीनअर्ब ६८ करोड बढी, भियतनामसँग तीनअर्ब ासातकरोड बढीको घाटा व्यहोरेको तथ्यांकमा देखिन्छ। यसरी नेपालले कुल १५२ देशसँग व्यापार गरे पनि छमहिनामा सातखर्ब ९७ अर्ब कुलघाटा व्यहोरेको पाइएको छ। निर्यात कम र आयात बढी हुँदा नेपालको व्यापार घाटामा गएको स्पष्ट छ। विदेशी लगानीकर्ताहरुको विश्वासमा गिरावट बैंकिंग ट्रान्जेक्शनमा कडा नियमन र उच्च लागत रेमिटेन्स र अन्तर्राष्ट्रिय लेनदेनमा ढिलाइ आदिले पनि नेपालको अर्थतन्त्रमा असर गरेका छन्। व्यवसाय र व्यापारमा अतिरिक्त जाँच र लागत बढ्ने जोखिम रहेको छ। राजनीतिक अस्थिरता राजनीतिक अशान्तिले व्यवसायिक आत्मविश्वास र लगानी दुवैलाई कमजोर बनाएको छ। नेपालमा राजनीति बढी र विकास कम भएका कारण असहज अवस्था सिर्जना भएको देखिएको छ।

## प्यालेष्टाइन....

कार्यालयले बोर्डको कार्यकारी समितिको संरचनाप्रति आपत्ति जनाए पनि अन्ततः सहभागितामा सहमति बनेको हो। ट्रम्पको अध्यक्षतामा रहेको सो बोर्ड शुरुमा गाजामा युद्धविराम योजनाको अनुगमनगर्ने सीमित विश्व नेताहरुको समूहका रुपमा परिकल्पना गरिएको थियो। तर ट्रम्प प्रशासनले यसलाई फराकिलो बनाउँदै दर्जनौं देशलाई निमन्त्रणा दिएको छ, जसले भविष्यमा विश्वव्यापी द्वन्द समाधानमा मध्यस्थतागर्ने संकेत दिएको छ। नेतान्याहुको कार्यालयले यसअघि कार्यकारी समितिमा क्षेत्रीय प्रतिद्वन्दी टर्की समावेश गरिएको विषयमा इजरायली सरकारसँग समन्वय नगरी निर्णय गरिएकोभन्दै आपत्ति जनाएको थियो। इजरायलका अर्थमन्त्री बेजलेल स्मोट्रिचले पनि बोर्डको आलोचनागर्दै गाजाको भविष्यमा इजरायलले एकतर्फी जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभएको थियो। जसले इजरायलको दोहोरो नीतिको खुलाशा गरेको छ। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का सदस्यहरुले अफगानिस्तानको राजधानी काबुलको रेष्टुरेन्टमा भएको आक्रमणको कडा निन्दागरेका छन्। जसमा धेरै नागरिकहरु मारिनुका साथै घाइते भएका छन्। सुरक्षा परिषद्का सदस्यहरुले पछिल्लो समयमा सबै प्रकारका आतंकवादले अफगानिस्तान र विश्वमै शान्ति र सुरक्षाका लागि सबैभन्दा गम्भीर खतरा स्थान बनेको पुष्टिगरेका छन्। निन्दनीय कार्यहरुका आयोजक, र प्रायोजकहरुलाई जवाफदेही बनाउन र उनीहरुलाई न्यायको कठघरामा ल्याउन आवश्यक रहेको कुरामा जोडदिँदै काउन्सिलले सबै राज्यहरुलाई अन्तर्राष्ट्रिय कानून र सान्दर्भिक सुरक्षा परिषद्का प्रस्तावहरु अन्तर्गत आफ्ना दायित्वहरु अनुसार सक्रिय रुपमा सहयोगगर्न आग्रहसमेत गरेको छ। डोनाल्ड ट्रम्पलाई भेटेर तत्काल सैन्य हस्तक्षेप नगर्न आग्रह गरेको अमेरिकी सञ्चारमाध्यमहरुले जनाएका छन्। अमेरिकी सञ्चारमाध्यम एनबीसी न्युजले ईरानको सत्ता थप कमजोर नभएसम्म ठूलो परिमाणको सैन्य हस्तक्षेप नगर्न ईजरायली अधिकारीहरुले ट्रम्प प्रशासनलाई सुझाव दिएको उल्लेख गरेको छ।